ehetaudasandesh.com

२५औँ वर्ष

हेटौंडा राष्ट्रिय दैनिक

# सन्देश

प्रदेश 'क' वर्ग

Hetauda Sandesh Daily

वर्षः २५ ॥ अंकः २९६ ॥ शुक्रबार ०४ चैत २०८२ ॥ औंशी ॥ ने.सं. ११४६ ॥ चौलागा ॥ Friday 17 April 2026 ॥ पृष्ठ : ४ ॥ मूल्यः रु.३/–

## मालवस्तु ढुवानीमा स्थानीय सरकारले कर लगाउन नपाउने

सन्देश संवाददाता

काठमाडौं/एक स्थानीय तहमा उत्पादन भएको वस्तु अर्को स्थानीय तहको बाटो हुँदै जाने जाँदा ढुवानीमा कुनै कर लगाउन नपाइने भएको छ।

बुधबार बसेको अन्तर सरकारी वित्त परिषद् र विषयगत समितिको बैठकले यस्तो निर्णय गरेको हो। कुनै पनि स्थानीय तहले त्यस्तो शुल्क लगाइरहे अब तत्काल खारेज गर्नुपर्ने भएको छ।

बैठकले त्यसका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत लेखी पठाउने निर्णय गरेको हो। बैठक अर्थमन्त्री डा. स्वर्णिम वाग्लेको अध्यक्षतामा बसेको हो।

बैठकमा सातै प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रीहरू, परिषद्का पदेन तथा विज्ञ सदस्यहरू, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका कार्यवाहक अध्यक्ष, अर्थ सचिव, विभिन्न मन्त्रालयका सचिवहरू, नेपाल राष्ट्र बैङ्कका डेपुटी गभर्नर तथा अन्य उच्च पदस्थ पदाधिकारी सहभागी थिए।

## प्रधानमन्त्री र मुख्यमन्त्रीहरुबिच छलफल

**काठमाडौं/प्रधानमन्त्री बालेन शाहले बिहीबार ७ प्रदेशका मुख्यमन्त्रीहरूसँग छलफल गरेका छन्। प्रधानमन्त्री शाहले मुख्यमन्त्रीहरूसँग प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा छलफल गरेका हुन्। छलफलमा मधेसका मुख्यमन्त्री कृष्णप्रसाद यादव, बागमतीका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँ, गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, कर्णालीका मुख्यमन्त्री यामलाल कंडेल र लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्य सहभागी थिए।**

**प्रधानमन्त्री शाहले यसअघि सांसदहरूसँग प्रदेशगतरूपमा छलफल गरेर सम्बन्धित क्षेत्रका समस्या र समाधानका उपायबारे कुराकानी गरेका थिए। उनका अनुसार मुख्यमन्त्रीहरूको कुरा सुनेपछि प्रधानमन्त्री बालेनले संक्षेपमा आफ्नो कुरा राखेका थिए। उनले नागरिकका अपेक्षा पूरा गर्ने गरी संघ र प्रदेश सरकारहरूले काम गर्न आवश्यक रहेको बताए।**

**प्रधानमन्त्रीले सातै प्रदेशका मुख्यमन्त्रीलाई छलफलमा बोलाएका थिए। छलफलमा कोशी र सुदूरपश्चिमका मुख्यमन्त्रीहरु सहभागि भएनन्।**

## औषधीय प्रयोगका लागि गाँजा खुला गरौं



सन्देश संवाददाता

**हेटौंडा/बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले औषधीय उपयोगिताको लागि गाँजाको प्रयोगको अधिकार दिइनु पर्ने बताए।**

**सिंहदरबारस्थित प्रधानमन्त्री एवं मन्त्रिपरिषद्को कार्यालयमा प्रधानमन्त्री बालेन्द्र शाहसँग बिहीबार भएको छलफलमा मुख्यमन्त्री बानियाँले संघीय सरकारले नै कानुन बनाएर यस्तो अधिकार दिनुपर्ने बताए।**

**'गाँजामा औषधीय गुणहरू छन्। सिंहदरबार वैद्यखानामै औषधिको रूपमा गाँजाको प्रयोग गरिन्छ भने यसलाई कानुनी व्यवस्था गरेरै किन अघि नबढाउने ?,' प्रधानमन्त्रीलाई सुनाएको सुझाव सुनाउँदै उनले भने, 'सुरुमा पकेट क्षेत्रकारूपमा मकवानपुरलगायतका केही जिल्लाबाट यो सुरु गर्न सकिन्छ। संघ, प्रदेश र स्थानीय सरकारको समन्वयमा नियमन र अनुगमनको व्यवस्था गरेरै यसलाई प्रयोगको बाटो खोलिदिनुपर्छ।'**

जमिनको अधिकार प्रदेश सरकारसँग नहुँदा बागमती प्रदेशले ८ वर्षसम्म आफ्नै मन्त्रालयका लागि आवश्यक भवनलगायतका पूर्वाधारसमेत निर्माण गर्न नसकेको कुरा मैले सुनाएँ।

यसअघिको चुनावी सरकारले बाटो खोलिदिएपछि मात्र हामीले प्रक्रिया अघि बढाउन पायौं। यो विषय मैले प्रधानमन्त्रीसँग स्पष्ट राखेँ र संघीय संसद्बाट अविलम्ब ऐन निर्माण गरेर भूमि, वन र प्रहरीको अधिकार प्रदेशलाई दिइनुपर्छ भनेँ,' बानियाँले सुनाए।

छलफलमा प्रधानमन्त्री शाहले काठमाडौंलाई प्रदेश राजधानी हेटौंडासँग जोड्ने दक्षिणकाली-सिस्नेरी-भीमफेदी तथा फर्पिङ-कुलेखानी-भीमफेदी सडकबारे चासो राखेका थिए। जवाफमा मुख्यमन्त्री बानियाँले आउँदो आर्थिक वर्षभित्र दुवै सडकखण्डको पुनर्निर्माण सम्पन्न हुने बताएका थिए।

उनले शिक्षा र स्वास्थ्य गरिबको पहुँचमा हुनुपर्ने भन्दै त्यस्तो व्यवस्था गर्न आग्रह गरेका थिए। जवाफमा प्रधानमन्त्रीले प्रत्यक विद्यालय र अस्पतालमा दश प्रतिशत विपन्नको लागि सिट सुरक्षित गरिने बताएका थिए।

बानियाँले लगानीकर्तालाई आकर्षित गर्न झन्झटिला कानुनहरूको संशोधन, वातावरणीय प्रभाव मूल्यांकनजस्ता काम निश्चित दिन तोकेरै पूरा गर्नुपर्ने व्यवस्थालगायतका काममा संघीय सरकारले बाटो फुकाइदिनुपर्ने धारणा राखेका थिए।

## प्रदेशका मन्त्री घटाऔं

सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले संविधान संशोधन गरेर प्रदेश सरकारमा मन्त्रीहरूको संख्या घटाउनुपर्ने बताएका छन्। प्रधानमन्त्री बालेन्द्र शाहसँग भएको छलफलमा मुख्यमन्त्री बानियाँले संविधानमा अहिले रहेको २० प्रतिशतको व्यवस्था कार्यान्वयन हुँदा प्रदेशमा मन्त्रीहरूको संख्या बढी देखिने गरेको र ब्यापक आलोचना हुने गरेको सुनाए।

'प्रधानमन्त्रीसँगको छलफलमा मैले संविधान संशोधन गरेर प्रदेश मन्त्रिपरिषद्को संख्या घटाउनुपर्छ भन्ने धारणा राखे,' प्रधानमन्त्रीसमक्ष राखेको धारणा सुनाउँदै बानियाँले भने, 'प्रदेश सभाको कूल सदस्य संख्याको २० प्रतिशतसम्म मन्त्री बनाउन पाउने व्यवस्थाले प्रदेशहरूलाई आलोचित बनाइरहेको छ। बागमती प्रदेशले आफ्नो मन्त्रालयको संख्या घटाएर ७ बनाउँदैछ। यसले राज्यको प्रशासनिक खर्चमासमेत ब्यापक कटौती हुनेछ।'

छलफलमा मुख्यमन्त्री बानियाँले संघीय सरकारले संविधान संशोधनको प्रक्रिया अघि बढाउन छलफल थालेको सन्दर्भ उल्लेख गर्दै निर्वाचन प्रणालीमा समेत संशोधन आवश्यक रहेको बताएका थिए।

'संविधानमा अहिले रहेको निर्वाचन प्रणालीले स्थायित्व दिँदैन। अहिले जस्तो एउटै दलले बहुमत ल्याउने अवस्था सधैं रहँदैन। त्यसैले संविधान संशोधन गरेर प्रत्यक्ष निर्वाचित व्यवस्थामा जानुपर्छ भन्ने धारणा मैले राखेँ,' उनले सञ्चारकर्मीसंग भने, 'निश्चित भूगोल छुट्याएर समावेशी समानुपातिक प्रतिनिधित्वको विषय सम्बोधन गर्नुपर्छ।

प्रदेशको मुख्यमन्त्रीको निर्वाचनसमेत प्रत्यक्ष नै गर्नुपर्छ।' उनले भूमि, वन र प्रहरी प्रदेशको प्रत्यक्ष अधिकार प्रदेशभित्र नरहँदा सेवाप्रवाहमा समस्या परिरहेको चर्चा गरेका थिए।

## खोँचमा फसेका मानिसलाई जोखिम मोलेर झिकियो



सन्देश संवाददाता

हेटौंडा/राक्सिराङ गाउँपालिका वडा नं ८ माइसिराङस्थित भामडोरी चेपाङ झरनाको खोँचमा फसेका ब्यक्तिलाई उद्धार गरिएको छ। राक्सिराङ गाउँपालिकाको नगर प्रहरीको अगुवाईमा जनपद प्रहरी र स्थानीयबासिन्दाको समेत सहयोगमा खोँचमा फसेका ब्यक्तिको उद्धार गरिएको हो।

नगर प्रहरीसँगै चैनपुर प्रहरी चौकी र गिंगु प्रहरी चौकीका प्रहरी पनि उद्धार कार्यमा सहभागी भएका थिए। झण्डै ५ फिट तल खोँचमा पुगेर नगर प्रहरीका प्रमुख राजकुमार चेपाङ (प्रजा) ले खोँचमा फसेका अपरिचित ब्यक्तिको उद्धार गर्नु भएको हो।

'नगर प्रहरी, नेपाल प्रहरी र स्थानीयबासिन्दाको समेत सहयोगमा हामीले खोँचमा फसेका ब्यक्तिको उद्धार गरी नेपाल प्रहरीलाई बुझाएका छौं', प्रहरी प्रमुख राजकुमारले भने।

उनका अनुसार नाम वतन नखुलेका ती ब्यक्ति के कसरी खोँचमा पुगे भन्ने यकीन भइसकेको छैन। बेहोसजस्तै अबस्थामा डोरीले बाँधेर उद्धार गरिसकेपछि केही पेयपदार्थ र बिस्कुट खुवाएपछि बोली फुटे पनि उनले आफ्नो नाम, वतन बताउन सकेका छैनन्।

भीरको मुनि गहिरो खोँच रहेको र मानिसहरु जान नसक्ने अबस्थामा ती ब्यक्ति कसरी त्यहाँ पुगे भन्ने कुरा शंकास्पद रहेको नगर प्रहरी प्रमुख राजकुमारले बताए। नगर प्रहरी प्रमुख राजकुमार नेपाली सेनाबाट अवकाश प्राप्त ब्यक्ति भएको उद्दारकार्य सफल भयो।

उनले नेपाली सेनामा हुँदा विपद व्यवस्थापनको क्षेत्रमा काम गरेको र विभिन्न तालिम लिएको अनुभवको आधारमा राक्सिराङ प्रहरी चौकी, गिङ्गु प्रहरी चौकीबाट समेत जनपद प्रहरी र स्थानीय बासिन्दाको बाक्लो सहभागितामा उनलाई उद्धार गरी इलाका प्रहरी कार्यालय मनहरीमा बुझाइएको छ।

उद्धार गरिएका ब्यक्तिको स्वास्थ्य सामान्य रहेको र उनको नाम वतन पत्ता लगाउन आवश्यक पहल भइरहेको इलाका प्रहरी कार्यालय मनहरीका प्रहरी निरीक्षक दीपक थापाले बताए।

## ९ महिनामा बागमती प्रदेश सरकारको खर्च २८ प्रतिशत



सन्देश संवाददाता

**हेटौंडा/चालु आर्थिक वर्ष २०८२/०८३ को ९ महिना बित्दा पनि बागमती प्रदेश सरकारको बजेट खर्च सुस्त देखिएको छ। चालु आर्थिक वर्षको ९ महिना बितिसक्दा प्रदेश सरकारले कुल बजेटको २८.७९ प्रतिशत मात्रै खर्च गरेको छ। साउनदेखि चैत्र मसान्तसम्मको ९ महिनासम्ममा प्रदेश सरकारको बजेट खर्च सुस्त देखिएको हो।**

**आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेशले सार्वजनिक गरेको चैत्र मसान्तसम्मको खर्च विवरण अनुसार कुल ६७ अर्ब ४७ करोड ७३ लाख रुपैयांमध्ये हालसम्म १९ अर्ब ४२ करोड ५७ लाख ८६ हजार रुपैयां अर्थात् २८.७९ प्रतिशत मात्र बजेट खर्च भएको छ। जसमा विकास खर्च अर्थात् पुंजीगत बजेट खर्च झनै कमजोर देखिएको छ। पुंजीगततर्फ विनियोजित ४१ अर्ब ४३ करोड ३५ लाख रुपैयांमध्ये जम्मा ९ अर्ब ५६ करोड ५१ लाख ६० हजार रुपैंया अर्थात् २३.९ प्रतिशत मात्र बजेट खर्च भएको छ। विकासका लागि छुट्याइएको ७५ प्रतिशतभन्दा बढी बजेट अझै खर्च हुन सकेको छैन।**

**प्रदेश सरकारले चालुतर्फको २६ अर्ब ४ करोड ३७ लाख ९९ हजार बजेटमध्ये ३७.८६ प्रतिशत अर्थात् ९ अर्ब ८६ करोड ६ लाख २६ हजार रुपैयाँ बजेट खर्च गरेको छ। प्रदेश सरकारका १४ मन्त्रालय तथा मातहतको निकायमध्ये सबैभन्दा बढी स्वास्थ्य मन्त्रालयले खर्च गरेको छ। यस मन्त्रालयले १ अर्ब ५९ करोड ९९ लाख ६६ हजार अर्थात् ४५.१८ प्रतिशत बजेट खर्च गरेको हो। स्वास्थ्य मन्त्रालयका लागि चालु आर्थिक वर्षमा ३ अर्ब ५४ करोड १३ लाख ९३ हजार बजेट विनियोजन भएको थियो।**

**यस्तै, यही अवधिमा सबैभन्दा कम बजेट खर्च गर्नेमा संस्कृति तथा पर्यटन मन्त्रालय रहेको छ। चालु आर्थिक वर्षको लागि कुल ३ अर्ब २१ करोड ३५ लाख ४४ हजार रुपैंया बजेट विनियोजन भएको यस मन्त्रालयले ९ महिनाको अवधिमा जम्मा १४.०१ प्रतिशत अर्थात् ४५ करोड ९३ हजार रुपैंया मात्रै बजेट खर्च भएको प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ।**

**श्रम रोजगार तथा यातायात मन्त्रालयले ४४.७९ प्रतिशत अर्थात् ३२ करोड २७ लाख ३४ हजार रुपैयां बजेट खर्च गरेको छ भने सहकारी तथा गरिबी निवारण मन्त्रालयले ४३.१२ प्रतिशत अर्थात् ९ करोड ६८ लाख ९४ हजार रुपैयां खर्च गरेको छ।**

**कृषि तथा पशुपन्छी विकास मन्त्रालयले ४७ करोड २३ लाख ३५ हजार रुपैयां अर्थात् २१.७३ प्रतिशत , खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालयले १ अर्ब ९१ करोड २४ लाख ९५ हजार रुपैयां अर्थात् २९.०९ प्रतिशत, आन्तरिक मामिला तथा कानुन मन्त्रालयले १८ करोड ३१ लाख ४२ हजार रुपैयां अर्थात् ३५.३१ प्रतिशत, वन तथा वातावरण मन्त्रालयले १ अर्ब ३४ करोड २१ लाख ९२ हजार रुपैयां अर्थात् ३६.५३ प्रतिशत, युवा तथा खेलकुद मन्त्रालयले १४ करोड २९ लाख ९४ हजार अर्थात् १४.१८ प्रतिशत, सामाजिक विकास मन्त्रालयले १ अर्ब ७ करोड ३२ लाख ९८ हजार रुपैयां अर्थात् ३०.०५ प्रतिशत बजेट खर्च गरेको आर्थिक मामिला तथा योजना मन्त्रालय जनाएको छ।**

**प्रदेश सरकारले सबैभन्दा बढी बजेट विनियोजन गरेको भौतिक पूर्वाधार विकास मन्त्रालयले ३०.५५ प्रतिशत मात्र बजेट खर्च गरेको छ। यस मन्त्रालयले ९ महिनामा ६ अर्ब ४६ करोड ५९ लाख ११ हजार रुपैयां खर्च गरेको छ। त्यस्तै, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले १३ करोड ८३ लाख १८ हजार रुपैयां अर्थात् २९.३० प्रतिशत, आर्थिक मामिला तथा योजना मन्त्रालयले ७ करोड ७९ लाख ९२ हजार रुपैयां अर्थात् ३७.५२ प्रतिशत, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयले १७ करोड १५ लाख ५७ हजार रुपैयां अर्थात् २६.४५ प्रतिशत बजेट खर्च गरेको छ।**

**प्रदेश व्यवस्थापिकाले ११ करोड ८९ लाख ७५ हजार रुपैयां अर्थात् ४२.७१ प्रतिशत, प्रदेश लोक सेवा आयोगले ४ करोड १२ लाख ३८ हजार रुपैयाँ अर्थात् ४७.६९ प्रतिशत, मुख्य न्यायाधिवक्ताको कार्यालयले ९४ लाख ६७ हजार रुपैयां अर्थात् ३८.१५ प्रतिशत खर्च गरेको छ।**

## यी तीन प्रदेशमा पहाडी र हिमाली भूभागमा हल्का वर्षाको सम्भावना

सन्देश संवाददाता

काठमाडौँ,/हाल नेपालमा पश्चिमी र स्थानीय वायुको आंशिक प्रभाव रहदा पहाडी र हिमाली भूभागमा साधारणतया बादल लागेको छ।

तराई भूभागमा मौसम मुख्यतया सफा रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। कोशी, बागमती तथा गण्डकी प्रदेशका पहाडी र हिमाली भूभागका एक-दुई स्थानमा मेघगर्जन/चट्याङ्ग सहित हल्का वर्षा/हिमपातको सम्भावना रहेको महाशाखाले जनाएको छ

महाशाखाका अनुसार बिहीबार दिउँसो कोशी प्रदेशका पहाडी भूभागलगायत देशका हिमाली भूभागमा साधारणतया बादल लाग्ने, बाँकी पहाडी भू-भागमा आंशिक बादल लाग्ने र तराई भूभागमा मौसम मुख्यतया सफा रहनेछ।

कोशी प्रदेशका पहाडी र हिमाली भूभागका थोरै तथा गण्डकी प्रदेशका पहाडी भूभागलगायत बाँकी हिमाली भूभागका एक-दुई स्थानमा मेघगर्जन र चट्याङसहित हल्का वर्षा र हिमपातको सम्भावना रहेको छ।

त्यसैगरी बिहीवार राति कोशी र गण्डकी प्रदेशको हिमाली भूभागमा साधारणतया बादल लाग्ने र लुम्बिनी र सुदुरपश्चिम प्रदेशसहित बाँकी हिमाली र पहाडी भूभागमा आंशिक बादल लाग्ने, तराई भूभागमा मौसम मुख्यतया सफा रहनेछ। कोशी र गण्डकी प्रदेशको हिमाली भूभागका एक-दुई स्थानमा हल्का वर्षा र हिमपातको सम्भावना रहेको महाशाखाले जनाएको छ।

## अनुसन्धानको दायरा निजीक्षेत्रमा विस्तार गर्ने योजनाप्रति असन्तुष्टि




सन्देश संवाददाता

**काठमाडौं/अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार नियन्त्रणका लागि अनुसन्धानको दायरा निजीक्षेत्रमा समेत विस्तार गर्ने योजना अघि सारेपछि व्यवसायीहरु असन्तुष्ट बनेका छन्। आयोगले सार्वजनिक गरेको भ्रष्टाचारविरुद्धको दोस्रो राष्ट्रिय रणनीतिक योजनामा सहकारी, पब्लिक तथा प्राइभेट कम्पनीसहित निजी संघसंस्थामा हुने भ्रष्टाचारजन्य गतिविधिलाई नियन्त्रण गर्ने उद्धेश्य उल्लेख गरिएको छ।**

**योजनाअनुसार राज्यलाई हानिनोक्सानी पुऱ्याउने वा अनुचित लाभ लिने, दिने कार्यलाई अपराधीकरण गरिनेछ भने केही दुष्कृतिजन्य कार्य सुधार्ने अवसर दिने गरी कानुनी तथा नीतिगत् सुधार गरिने बताइएको छ। तर, यस प्रस्तावले निजीक्षेत्रभित्र चासो र चिन्ता दुवै बढाएको छ। नेपाल चेम्बर अफ कमर्स अध्यक्ष कमलेश अग्रवालले निजीक्षेत्रमा अख्तियारको हस्तक्षेप अस्वीकार्य हुने स्पष्ट पारेका छन्।**

**उनका अनुसार कोभिड-१९ पछि नै नीतिगत् दबाबका कारण कमजोर बनेको निजीक्षेत्रले नयाँ सरकारबाट सुधारको अपेक्षा गरिरहेको अवस्थामा यस्तो प्रस्तावले झनै निराशा थप्नेछ।**

**उनले आन्तरिक राजस्व विभाग, नेपाल राष्ट्र बैंक, बीमा प्राधिकरण र कम्पनी रजिष्ट्रार कार्यालयजस्ता नियामक निकायहरु सक्रिय रहँदै आएको अवस्थामा अख्तियारलाई थपरुपमा निजीक्षेत्रमा प्रवेश गराउनु अनावश्यक हुने बताए। अग्रवालका अनुसार अख्तियारको भूमिका सार्वजनिक पदधारण गरेका व्यक्तिहरुको अधिकार दुरुपयोगको अनुसन्धानमै सीमित हुनुपर्छ। नेपाल राष्ट्रिय व्यवसायी महासंघ अध्यक्ष मनोजबाबु श्रेष्ठले पनि निजीक्षेत्रलाई अख्तियारको दायरामा ल्याउने विषयमा गहिरो अध्ययन आवश्यक रहेको बताएका छन्। उनका अनुसार यस्ता संवेदनशील विषयमा हतारमा निर्णय गर्दा बजारमा नकारात्मक सन्देश जान सक्ने र व्यवसायीहरुको मनोबल कमजोर हुनसक्ने जोखिम रहन्छ।**

**श्रेष्ठले भन्सार प्रणाली सुधार, भ्याट फाइलिङ र अडिट प्रक्रियामा देखिएका झन्झट हटाउनुपर्ने आवश्यकता औंल्याउँदै ती समस्याहरु समाधान नगरी निजीक्षेत्रमा थप निगरानी प्रभावकारी नहुने बताए। व्यवसायीहरुले यदि जबर्जस्ती यस्तो व्यवस्था लागु गरिए उद्योग-व्यवसाय बन्द हुने, ।**

**लगानी घट्ने र पुँजी पलायनको जोखिम बढ्ने चेतावनी दिएका छन्। आर्थिक समृद्धिका लक्ष्य हासिल गर्न निजीक्षेत्रको सक्रियता अपरिहार्य हुने भए पनि प्रस्तावित कदमले त्यसको विपरीत असर पार्नसक्ने उनीहरुको धारणा छ।**

## आज आमाको मुख हेर्ने दिन



सन्देश संवाददाता

**काठमाडौं/आज मातातीर्थ औंसी अर्थात् आमाको मुख हेर्ने दिन। जन्मदिने आमाप्रति श्रद्धा, भक्ति, सम्मान र आदर व्यक्त गर्दै मनाईंदैछ। आमाप्रति श्रद्धाभाव व्यक्त गर्ने यस पर्व प्रत्येक वर्षको बैशाख कृष्ण औंसीका दिन मनाइन्छ। मातातीर्थ औंसीका दिन जीवित आमालाई खान-लगाउन दिएर सम्मान गरिन्छ भने दिवंगत आमाको सम्झनामा तर्पण, पिण्डदान र श्राद्ध गरी सम्झना गरिन्छ। आजका दिन मातृश्राद्ध गरे अक्षय पुण्य प्राप्त भइ आमाले तृप्ति पाउने शास्त्रमा उल्लेख गरिएको नेपाल पञ्चांग निर्णायक समितिका अध्यक्ष प्राडा रामचन्द्र गौतम बताए।**

**'शास्त्रमा बाबुभन्दा आमा दशगुणा बढी मान्य हुन्छिन् भनी ब्याख्या गरिएको छ, 'मातृदेवो भवः' भनेर सबैभन्दा पहिले भनिन्छ। त्यसपछि मात्र 'पितृदेवो भवः', 'आचार्यदेवो भवः' भनिन्छ। यसबाट शास्त्रले आमालाई महत्व दिएको स्पष्ट हुन्छ,' उनले भने। 'कुपुत्रो जायेत क्वचिदपि कुमाता न भवती' अर्थात् छोरा कुपुत्र भए पनि आमा कहिल्यै कुआमा हुँदिनन् भन्ने भनाइ नै छ।**

**जीवित वा दिवंगत दुवै आमाको तृप्तिका लागि आजको दिनलाई पुण्यतम् पर्व मानिन्छ। आजका दिन काठमाडौंको पश्चिमी भेगमा रहेको मातातीर्थमा आमाको सम्झनामा श्राद्ध गर्ने भक्तजनको भिड लाग्छ। बौद्ध धर्मावलम्बी समेत यहाँ दिवंगत आमाको सम्झनामा श्राद्ध गर्न आउँछन्। मुलुकका विभिन्न भागबाट आएका दर्शनार्थीले मातातीर्थका धारामा स्नान गरी माताको मन्दिरमा पूजा गरेर कुण्डमा दिवंगत आमाको मुख हेर्ने गर्दछन्। दिवंगत आमाको सम्झनामा तर्पण, सिदादान र पिण्डदान गरी श्राद्ध गर्ने दर्शनार्थीको समेत भीड लाग्ने गर्दछ। आज यहाँ आइ आमाको नाममा संकल्प गरेर श्राद्ध गरेमा कहिल्यै नाश नहुने पुण्य प्राप्त भइ दिवंगत माता खुसी हुने शास्त्रमा वर्णन गरिएको गौतमले जानकारी दिए।**

**आजको दिन मातातीर्थमा रोटी खसेको र उक्त रोटी खसेको ठाउँमा दिवंगत आमाका मुख देखेको जनविश्वास छ। द्वापर युगमा गाई चराउन गोठालो आएका ग्वालाले खाजाका लागि ल्याएको रोटी कुण्डमा खसेपछि हेर्दा दिवंगत आमाको मुख देखेर रुन थालेका थिए। संयोगले त्यस दिन बैशाख कृष्ण औंसीको दिन परेको थियो।**

**कुण्डमा देखिएकी आमाले ती ग्वालालाई नरोऊ प्रत्येक वर्ष बैशाख कृष्ण औंसीका दिन हामी दिवंगत माता यहाँ आउँछौं भनेपछि त्यसैबेलादेखि मेला लाग्न थालेको मातातीर्थ संरक्षण तथा विकास समिति सल्लाहकार भाइकृष्ण बलामीले जानकारी दिए।**

**आमा हुनेहरुले आजका दिन आफूलाई मनपर्ने मीठा मीठा खानेकुरा र वस्त्र आमालगायत गुरुआमा, सासु र काकीहरुलाई दिने र आशीर्वाद ग्रहण गर्छन्।**

## हेटौंडा-५ को कार्यालय १२ कोठे भवनबाट सञ्चालन



सन्देश संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगरपालिका-५ को वडा कार्यालय नयाँ वर्षको पहिलो दिन वैशाख १ बाट आफ्नो भवनमा सरेको छ। यसअघि भवन अभावमा वडा कार्यालय भाडाको घरमा संचालन हुँदै आएको थियो।

राईटोलमा डेढ कट्ठा जग्गामा निर्माण भएको वडा कार्यालयको नवनिर्मित भवनको उपमहानगरकी मेयर मीनाकुमारी लामाले मंगलबार उद्घाटन गरिन्। बागमती प्रदेश सरकार, हेटौंडा उपमहानगरपालिका र वडाको १ करोड ६ लाख रुपैयाँ लागतमा १२ कोठाको भवन निर्माण गरिएको वडाध्यक्ष सुशील घिमिरेले बताए।

स्थानीय उपभोक्ता समितिद्वारा गत माघदेखि सुरु भएको भवन निर्माण चैतमा सम्पन्न गरिएको थियो। हेटौंडा उपमहानगरकाका १९ वटा वडामध्ये वडा २ र १६ को कार्यालय भाडाको घरमा संचालन भइरहेका छन्। वडा ६ को कार्यालय पनि आधा भाडाकै घरमा संचालनमा रहेको छ। त्यसबाहेकका सबै वडा कार्यालय आफ्नै भवनमा छन्।

**उखान:** हारेको कुकुरले सँधैं दाँत देखाउँछ।

**बेलाको बोली**

भोको मानिसलाई ज्ञानको कुनै अर्थ छैन। यदि उसलाई ज्ञानदिनु छ भने पहिले खान दिनुपर्छ।

*- सत्यसाइ बाबा*

## सम्पादकीय

# घर दैलोमै पुग्दै नेपाल सरकार

*नेपाल सरकारको १०० बुंदे योजनाअनुसार गृह मन्त्रालयअन्तर्गत स्थानीय प्रशासनले मकवापुर जिल्लाको हेटौंडामा गत बुधबारदेखि राहदानी (पासपोर्ट) घरमै पुऱ्याउन थालेको छ । जिल्ला प्रशासन कार्यालय मकवानपुरले हुलाक सेवामार्फत् सेवाग्राहीको घरमै राहदानी पुऱ्याउने व्यवस्था मिलाएको हो । राहदानी घरमै पुऱ्याउने सेवा सुरू भएपछि सेवाग्राहीले प्रशासन कार्यालय धाउनुपर्ने झन्झटबाट मुक्ति पाएका छन् । यो कार्यले घरघरमा सिंहदरवार भन्ने नारा बल्ल सार्थक भएको प्रतिक्रिया दिएका छन् । यसअघिका सरकारले केवल नारामा मात्र सिमित राखेको सेवा बालेन सरकारले कार्यान्यिन गरेको छ । यस्ता सेवाहरू क्रमश बढ्दै जाने आशा लिईएको छ ।*

*हुलाक सेवामार्फत् हाललाई राहदानी वितरण सुरू गरिएका कारण समय र श्रम बचत गर्दै सेवाप्रक्रियालाई सहज र प्रभावकारी बनाउने अपेक्षा गरिएको छ । सेवाको सुरूवातका रूपमा हुलाक कार्यालय मकवानपुरले हेटौंडा उपमहानगरपालिका-४ बस्ने करिब २२ वर्षीय निश्चल मानन्धरको घरमै पुगेर राहदानी बुझाएको हो । राहदानी वितरणका लागि हुलाकका सम्बन्धित कर्मचारीसहित जिल्ला हुलाक कार्यालय प्रमुख र प्रशासनका कर्मचारी मानन्धरको घर पुगेका थिए । उनको जिवनमा पहिलो पटक घरमै राहदानी पाउँदा मानन्धरले नेपाल सरकारको कदम स्वागतयोग्य भएको बताए । राज्यले सर्वसाधारणलाई घरदैलो सेवाप्रवाह गर्ने बुँदा कार्यान्वयन गर्ने उद्धेश्यले प्रशासनको समन्वयमा हुलाक कार्यालय मकवानपुरले उक्त कार्य सुरू गर्दा उक्त सुबिधा प्रयोग गर्ने पहिलो सेवाग्राही उनले यस्तै सेवा अन्य क्षेत्रमा पनि विस्तार गर्नुपर्ने बताए ।*

*स्थानीय प्रशासनले राहदानी वितरणका लागि हुलाक कार्यालयलाई ५० वटा राहदानी उपलब्ध गराएको छ । जिल्ला हुलाक कार्यालयका अनुसार सबै राहदानी तत्काल सेवाग्राहीको घरमा पुऱ्याइएको छ । सुरूवाती चरणमा उपमहानगर क्षेत्रमा सेवा उपलब्ध गराइए पनि भविष्यमा नागरिकता, परिचयपत्र र लाइसेन्ससमेत घरमै पुऱ्याउने लक्ष्य प्रशासनले लिएको छ । हालसम्म तयार भइसकेका तर लिन नआएका करिब पाँच सय राहदानी सेवाग्राहीको घरमा पुऱ्याउने योजना प्रशासनको छ । यसरी सेवा प्रदान गरेमा जनताले कर तिर्न आनाकानी नगर्लान कि ?*

**मकवानपुरमा आज**

१: जानकारीमा नआएको


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| **मेष** | कामना पूर्ण हुनेछ भने रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ । आफन्तसँग भेटघाट साथै भोजनको आनन्द प्राप्त हुनेछ | **बृष** | लक्ष्यअनुसार समयमै काम सम्पादन हुनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। काममा विशेष सफलताले पनि हौसला जगाउनेछ। |
| **मिथुन** | दैनिक आवश्यकता पूरा हुनेछन् भने मिहिनेतको फल प्राप्त हुनेछ । समय बनाउन सकिनेछ। विगतका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। | **कर्कट** | समयमा सजग नहुँदा आफ्नो श्रमबाट अरूले फाइदा उठाउने कोसिस गर्नेछन् आयस्रोत सबल भए पनि प्रतिफल अरूका हातमा पर्न सक्छ |
| **सिंह** | नयाँ कामले नाम र दाम दिलाउनेछ कर्मक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ मिहिनेतले सजिलै लक्ष्यमा पुऱ्याउनेछ प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ | **कन्या** | विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने अवसर प्राप्त हुनेछ। पदासीन व्यक्तिहरूसँग मित्रता बढ्नेछ व्यवसायमा पनि फाइदै हुनेछ |
| **तुला** | प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ सामाजिक कार्यले हौसला प्रदान गर्नेछ। समस्या दर्साएर पनि सहयोगीहरू फेला पार्न सकिनेछ | **बृश्चिक** | मिहिनेत गर्दा कीर्तिमानी काम बन्न सक्छ धर्मकर्म तथा सेवामूलक काममा प्रवृत्त भइनेछ । बाध्यात्मक परिस्थि–तिले काममा अलमल्याउन सक्छ । |
| **धनु** | सानातिना काममा अल्झनुपरे पनि बुद्धिको उपयोगले समस्या पहिचान गर्न सकिनेछ तत्काल उपलब्धि प्राप्त नभए पनि सम्भावना खोजी गर्ने समय छ | **मकर** | प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ। नोकरी तथा व्यवसायमा लाग्नेहरूलाई फाइदा हुनेछ । भौतिक स्रोत-साधन संग्रह हुनेछन् । |
| **कुम्भ** | दिगो फाइदा हुने योजना बन्न सक्छ प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोऱ्याउनुपर्ला । स्वास्थ्यका लागि औषधि जोहो गर्नुपर्ला । | **मिन** | चुनौती अँगाल्नुपरे पनि आँटले लक्ष्यमा पुर्याउनेछ । मिहिनेतले काममा सफलता दिलाउनेछ समस्या पन्छाएर अधिकार स्थापित गर्न सकिनेछ । |

**हाम्रो सम्पर्क ठेगाना**

हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# नयाँ आयकर ऐनको कार्यान्वयनमा चुनौती





✍नरसागर श्रेष्ठ

भारतले आफ्नो नयाँ आर्थिक वर्षको सुरुवातका दिन अर्थात् अप्रिल १ देखि नयाँ आयकर ऐन, २०२५ लागू गरेको छ। अनुहारविहीन कर परीक्षण गर्ने व्यवस्था, कर व्यवस्थाको व्यापक डिजिटाइजेसन, कर व्यवस्थामा स्वच्छता र कर विवादलाई मुहानबाटै न्यूनीकरण गर्ने उद्देश्य लिएर यो नयाँ ऐन कार्यान्वयनमा आएको छ। यो ऐनले कर अधिकृतहरूको स्वविवेकीय निर्णय गर्ने परम्परा, करदातालाई हतोत्साहित गर्ने र कर प्रशासनमा भएको भ्रष्टाचारलाई अन्त्य गर्न खोजेको पाइन्छ। यो ऐन लागू भएपछि सरकारले डिजिटल निर्देशिका लागू गर्ने र विद्युतीय व्यवस्था पनि गर्ने भएको छ ।

यसले आयकर व्यवस्थालाई सरलीकरण गरेको छ। कर परिपालना गर्न सरल, स्पष्टरूपमा बुझिने व्यवस्था गर्ने यसको मूल लक्ष्य छ। नयाँ आयकर ऐनले कर प्रशासनमा स्ट्रक्चर्ड एप्रोच अपनाएको छ। यसले डिजिटल शासकीय व्यवस्था अपनाई आधुनिक कर परिपालनाका तरिकाहरू अपनाउन खोजेको छ। भारतीय केन्द्रीय प्रत्यक्ष कर बोर्डलाई यसले बढी स्वायत्तता प्रदान गरेको पाइन्छ । पुरानो ऐनले व्यवस्था गरेको आयकरका दरलाई यसले यथावत् राखेको पाइन्छ। भारतको आयकर प्रशासनको दायराभित्र संस्थागत आयकर, न्यूनतम वैकल्पिक कर, लाभांश वितरण कर, व्यक्तिगत आयकर, छोटो अवधिको पुँजीगत लाभकर र लामो अवधिको पुँजीगत लाभकरहरू पर्छन्। नयाँ आयकर ऐनमा यसलाई यथावत् कायम गरेको देखिन्छ ।

भारतको कुल जनसंख्यामध्ये ५ प्रतिशत जनताले आयकरको सम्पूर्ण भार वहन गर्नुपर्छ, जसलाई न्यायोचित मानिएको छैन। कुल जनसंख्या मध्ये ४३ प्रतिशत जनसंख्याले प्यान कार्ड लिएको र त्यसमध्ये ११ प्रतिशत प्यान कार्ड होल्डरले मात्र आफ्नो आय विवरण पेस गर्छन्। त्यसमध्ये ६५ देखि ७५ प्रतिशतसम्म तलबी कर्मचारीहरू पर्छन् । त्यसले गर्दा भारतमा पनि पारिश्रमिक आय हुने करदाताहरूको आयकरप्रति धेरै गुनासो रहेको पाइन्छ। यसले भारतीय आयकर व्यवस्थाको न्यायिकतामाथि प्रश्न खडा गरेको छ । यसलाई फेयर र जस्ट बनाउनका लागि धेरै ठाउँबाट आवाज उठेको पाइन्छ । ज्याला र तलबमा बाँच्ने मानिसहरू मात्र यो करको दायरामा रहेको र गैर तलबी आम्दानी भएका अधिकांश मानिस यो करको दायरामा ल्याउन सरकार असफल रहेको कर–दाताहरूको आरोप छ । भारतीय आयकर प्रशासनलाई यो मानेमा कमजोर मानिन्छ ।

यो अवस्था भारतमा मात्र होइन, अरू विकसित देशहरूमा पनि रहेको पाइन्छ। उदाह–रणका लागि सन् २००१ मा अमेरिकाको आन्तरिक राजस्व सेवाले गरेको एक अध्ययनमा पारिश्रमिक आयको कर प्रशासनमा घोषणा गरेको आयमा १ प्रतिशत मात्र फरक आएको पाइएको छ भने ब्याज र लाभांश आयमा ४ प्रतिशत फरक परेको पाइएको छ। स्वयं रोजगारीमा लागेका व्यक्ति–हरूले व्यावसायिक आम्दानी कर कानुनको परिपालना नगर्ने प्रतिशत धेरै रहेको अनुमान छ। उनीहरूले भुक्तानीमा कर कट्टी पनि गर्नु नपर्ने र कर प्रशासनमा आफ्नो कारोबारको पनि सकेसम्म सूचना दिने गर्दैनन् ।

अरू विकासोन्मुख देशहरूमा जस्तै भार–तमा पनि करदाता र आयकर प्रशासनको बीचमा बिरालो र मुसाको खेल हुने गरेको छ। जसलाई आयकर प्रशासनले समाउँछ उसले कर तिर्छ र अरू भने करको दायराभित्र आउने गरेको देखिँदैन। जसरी भारतको जिएसटी कानुनमा संशोधन गरि–एको छ, त्यसरी आयकर ऐनमा पनि संशोधन हुनुपर्छ र करदाताहरूको पीरमर्कालाई सम्बोधन गर्नुपर्छ भन्ने आमकरदाताको मान्यता छ। आम कर दाताले आफ्नो आय लुकाएर सकेसम्म यो कर छल्न खोज्छन् । भारतले केही समय अगाडिदेखि आयकर लाग्ने सीमा बढाई मध्यमवर्गको उपभोग खर्च बढाउन खोजेको छ र यसबाट आफ्नो आर्थिक वृद्धिदरलाई दिगो बनाउन खोजेको छ । भारतले ओइसिडीको समावेशी फ्रेमवर्कअनुसार आफ्नो संस्थागत आयकरको दर पनि घटाइसकेको छ ।

भारतले केही समय अगाडिदेखि भारतमा व्यवसाय गर्न सहज वातावरण श्रृजना गर्ने उद्देश्यले धेरै सुधार गरेता पनि त्यहाँको आयकर प्रशासन जिएसटीको तुलनामा व्यवसायका लागि बाधकको रूपमा रहँदै आएको छ। सन् २०१२ मा यो ऐनमा गरिएको रेट्रोस्पेक्टिभ प्रावधान लागू गर्ने गरी गरिएको संशोधनले एक प्रकारले आयकर व्यवस्थामा कर–आतंकको वातावरण श्रृजना भयो । यसको ज्वलन्त सिकारकारूपमा भोडाफोन र कैरन इनर्जीजस्ता बहुराष्ट्रिय कम्पनीहरू परेका थिए र यी दुईवटै मुद्दामा भारतको आयकर प्रशासन अन्त–र्राष्ट्रिय अदालतबाट हारेपछि सन् २०२२ मा भारत सरकार आफ्नो आयकर ऐनबाट यो प्रावधान सच्याउन बाध्य भयो ।

एकजना भारतीय कर विज्ञका अनुसार भारतको आयकर प्रशासनमा ५ लाखभन्दा बढी कर प्रशासन र करदाताहरूको बीचमा विवाद रहेको र यसबाट १४ देखि १५ लाख करोडबराबरको राजस्व सरकारलाई घाटा लागेको अनुमान गरिएको छ । यो अंक बिगत केही वर्षमा क्रमश बढ्ने क्रममा देखिन्छ। उनका अनुसार भारतको आयकर विभागले आयकर ऐन, १९६१ हरेक दफाको मर्मसहित व्याख्या गरेको, अदालतबाट भएको फैसलालाईसमेत त्यस्तो व्याख्यामा समावेश गरी विस्तृत निर्देशिका कार्यान्वयनमा धेरै समयअगाडि नै कार्यान्वयनमा ल्याइसकेकाले करदाता र कर प्रशासनको बीचमा आयकर ऐन, १९६१ को दफा र उपदफाको व्याख्यामा खास विवाद छैन। तर, अहिले करदाताहरूबाट हुने प्रक्रियागत त्रुटि र आयकर गणना, कराधिकारसम्बन्धि विवाद र कम्प्युटर प्रविष्टि सम्बन्धमा मिस एलाइनमेन्ट आदिका कारण करदाता र कर प्रशासनको बीचमा यतिका धेरै आयकरसम्बन्धि विवाद रहेको देखिन्छ।

अन्तर्राष्ट्रियरूपमा भूमण्डलीकरणले गर्दा पुँजीको जुन प्रवाह भएको छ, त्यसले गर्दा आयकर प्रशासन झन्झन् जटिल बन्दै गएको छ । यसमा बहुराष्ट्रिय कम्पनीहरूको कारोबारमा भएको वृद्धिले आगोमाथि घ्यू थप्ने काम भएको छ। यो अर्थमा करका अरू कानुनहरू त्यति जटिल भएको पाइँदैन। मूल्य हस्तान्तरणका तरिका र त्यसको प्रशासन, स्थायी संस्थापनसम्बन्धि अवधारणाको कार्यान्वयन, जनरल एन्टी एभोइडेन्स प्रावधान, देशहरूको बीचमा द्विपक्षीय लगानी र कर छुटसम्बन्धि सम्झौता, कर लुकाउने ठाउँ (ट्याक्स हाभेन) को उपस्थिति, बहुराष्ट्रिय कम्पनीहरूको कारोबार स्थल र दर्ता भएको देशमा कर लगाउनेजस्ता विषयहरूले आयकर प्रशासनलाई धेरै जटिल बनाएको छ ।

बहुराष्ट्रिय कम्पनीहरूको आम्दानीमा कर लगाउने विषयमा अहिले विकसित र अविकसित देशहरूको बीचमा मतभेद देखा परेको छ। विकसित देशहरूको पक्षमा बढी अन्तर्राष्ट्रिय कर व्यवस्था ढल्केको, त्यसलाई ओइसिडीले मलजल गरेको भनी सन् २०२३ को सेप्टेम्बरमा अफ्रिकी देशहरूको नेतृत्वमा संयुक्त राष्ट्र संघको महासभाबाट प्रस्ताव नै पारित भएको थियो। भारतले यो प्रस्तावलाई समर्थन गरेको छ र उसले ओइसिडीको कराधार क्षयिकरण र नाफा स्थानान्तरणअन्तर्गत दुई स्तम्भीय संस्थागत आयकरको व्यवस्था तर्जुमा गर्ने र त्यसलाई कार्यान्व–यनमा पनि महत्वपूर्ण भूमिका खेलेको थियो। भारतीय कर प्रशासन यी दुई विरोधाभास अवधारणाबीचको मतभेदलाई नयाँ आयकर कानुनमार्फत समाधान गर्न सफल हुनेछ भन्ने विश्वास गर्न सकिन्छ ।

एउटा उदीयमान अर्थव्यवस्थाकोरूपमा अगाडि आइरहेको भारतलाई आफ्नो आर्थिक महत्वाकांक्षा पूरा गर्नका लागि प्रत्यक्ष वैदेशिक लगानीको ठूलो आवश्यकता पर्छ र त्यसका लागि आफ्नो कर कानुनलाई लगानीमैत्री बनाउनुपर्ने हुन्छ। यसका लागि पनि भारतले यो नयाँ आयकर ऐन लागू गरेको हो । भारतले आफ्नै प्रकारले लागू गरेको जिएसटीले भारतीय अर्थव्यवस्थालाई एकीकरण गर्न र भारतीय कराधारलाई फराकिलो बनाउन जुन सफलता प्राप्त गरेको छ, यो नयाँ आयकर ऐन पनि सफलतापूर्वक कार्यान्वयन हुन्छ भन्ने आशा गर्न सकिन्छ ।

*साभार : कारोबार दैनिक*

# कृषि क्षेत्रले चाहेको विकास





✍कृष्णप्रसाद लामिछाने

नेपाल कृषि प्रधान देश हो । यो भनाइ केवल पाठ्यपुस्तकको वाक्य होइन, समाजको वास्तविक अनुहार हो। देशका ६० प्रतिशतभन्दा बढी नागरिक प्रत्यक्ष रूपमा कृषि पेसामा आबद्ध छन्। कुल गार्हस्थ उत्पादनमा करिब २४ प्रतिशत योगदान यसै क्षेत्रबाट आउँछ ।

पुर्खौंदेखि निरन्तर अभ्यासमा रहेको यो पेसाले नेपाली किसानलाई औपचारिक तालिमबिना पनि अनुभवजन्य दक्षता प्रदान गरेको छ। उर्वर माटो, विविध हावापानी, प्रशस्त जलस्रोत र बहुआयामिक भूगोलले नेपाललाई कृषि उत्पादनका लागि सम्भावनाले भरिएको देश बनाएको छ । यही सम्भावनाको भूमिमा आज निराशाको बिउ उम्रिँदै गएको छ। यसको प्रत्यक्ष असर किसानको अनुहारमा देखिन्छ। जब किसान रोइरहेको बेला देश हाँसि–रहन सक्दैन ।

नेपालको कृषि प्रणाली अझै पनि परम्प–रागत र जीवन निर्वाहमुखी छ। अधिकांश किसानले उत्पादनलाई बजारसँग जोड्नेभन्दा पनि परिवारको आवश्यकतामा केन्द्रित खेती गर्दै आएका छन् । आधुनिक प्रविधि, उन्नत बिउ, मल व्यवस्थापन, यान्त्रिकीकरण र वैज्ञानिक कृषि पद्धतिमा पहुँच सीमित छ । उत्पादन लागत उच्च र उत्पादनको मात्रा तथा गुणस्तर अपेक्षाभन्दा कम हुन्छ । मेहनतको तुलनामा आम्दानी न्यून हुँदा किसानमा निराशा स्वभाविकरूपमा बढ्दै जान्छ । यस्तो अवस्थाले कृषिलाई पेसा होइन, बाध्यता जस्तो बनाइदिएको छ। कृषिमा देखिएको यो निराशाको अर्को कारण बजार संरचनाको कमजोरी हो । किसानले उत्पादन त गर्छ तर त्यसको उचित मूल्य पाउँदैन । बिचौलियाको प्रभाव, भण्डारणको अभाव, प्रशोधन उद्योगको कमी र बजार पहुँचको असमानताले गर्दा किसानको पसिनाको मूल्य घटाइदिन्छ । कहिले उत्पादन बढी हुँदा मूल्य घटेर बाली खेतमै सड्न पुग्छ, त कहिले उत्पादन कम हुँदा उपभोक्ताले महंगो मूल्य तिर्न बाध्य हुन्छन् । यसले किसान र उपभोक्ता दुबैलाई घाटा छ भने बिचौलिया मात्र फाइदा हुन्छन् । यस्तो विकृत संरचनाले कृषिप्रति भरोसा कमजोर बनाउँदै लगेको छ ।

विडम्बना त कृषिप्रधान देश नेपालले दैनिक उपभोगका अत्यावश्यक वस्तु तरकारी, फलफूल, दुध तथा मासुजन्य पदार्थसमेत ठुलो परिमाणमा आयात गरिरहेको छ। यो केवल आर्थिक समस्या होइन, आत्मनिर्भरतामाथिको गम्भीर प्रश्न पनि हो । आयातमा निर्भरता बढ्दै जाँदा वैदेशिक व्यापार घाटा झन् चुलिन्छ । राष्ट्रिय अर्थतन्त्र कमजोर बन्दै जान्छ ।

जुन माटोले आफनै जनतालाई खुवाउन सक्छ, त्यही माटो बाँझो बस्नु र विदेशी उत्पादनमा निर्भर हुनु विकासको विडम्बनापूर्ण चित्र हो । कृषियोग्य जमिन बाँझो नेपाली कृषिक्षेत्रको अर्को चिन्ताजनक पक्ष हो । सहरतिरको आकर्षण, रोजगारीको अभाव र विदेश पलायनका कारण गाउँ रित्तिँदै छन् ।

युवा शक्ति खेतबारी छोडेर बिदेसिन थालेपछि खेतीयोग्य जमिन झाडीमा परिणत हुँदै गएका छन्। यसले केवल उत्पादन घटाएको छैन, ग्रामीण सामाजिक संरचनामा पनि गहिरो असर पारेको छ । गाउँको जीवनशैली, परम्परा र सामुदायिक सम्बन्ध क्रमशः कमजोर बन्दै गएका छन्। कृषि केवल आर्थिक क्रियाकलाप होइन, यो हाम्रो सांस्कृतिक पहिचानसंग जोडिएको आधार पनि हो, जुन अहिले खस्किँदै गएको छ ।

सिँचाइको अभाव पुरानो तर, अझै समाधान नभएको समस्या हो। अधिकांश किसान अझै पनि वर्षामा निर्भर छन्। समयमै पानी नपर्दा खडेरीको सामना गर्नुपर्छ भने अत्यधिक वर्षा हुँदा बाढीले बाली नष्ट गर्छ ।

यस्तो अनिश्चितताले कृषिलाई जोखिमपूर्ण बनाएको छ। आधुनिक सिँचाइ प्रणाली– को विस्तार , जलस्रोतको वैज्ञानिक व्यवस्थापन र मौसम अनुकूल खेती प्रणालीको विकासबिना कृषि क्षेत्रलाई स्थायित्व दिन सकिंदैन । कृषि बिमा र जोखिम व्यवस्थापनको अभावले किसानलाई झनै असुर क्षित बनाएको छ ।

बाली नष्ट भयो भने किसानसँग क्षतिपूर्ति पाउने भरपर्दो प्रणाली छैन। यसले नयाँ पुस्तालाई कृषितर्फ आकर्षित गर्न असम्भव जस्तै बनाइदिएको छ। केही उत्साहका साथ कृषिमा लागेका युवासमेत निराश भएर बिदेसिने अवस्था छ । देशभित्रै सम्भावना हुँदाहुँदै पनि त्यसको उपयोग गर्न नसक्नु हाम्रो नीतिगत कमजोरीको प्रमाण हो ।

कृषि क्षेत्रको विकासबिना नेपालको समग्र विकास सम्भव छैन भन्ने यथार्थ हामीले गम्भीरता पूर्वक स्वीकार गर्नु पर्छ । उद्योग, पर्यटन वा सेवा क्षेत्र सबैको आधार अन्ततः कृषि र ग्रामीण अर्थतन्त्रमै टिकेको हुन्छ। जब किसानको क्रयशक्ति बढ्छ, तब मात्र बजार चलायमान हुन्छ । जब गाउँ समृद्ध हुन्छ, तब मात्र सहरको विकास सन्तुलित हुन्छ। कृषिलाई बेवास्ता गरेर विकासको कल्पना गर्नु भनेको जगबिना महल बनाउने प्रयास गर्नु जस्तै हो। अबको आवश्यकता स्पष्ट छ कृषिलाई परम्परागत ढाँचाबाट बाहिर निकालेर आधुनिक, व्यावसायिक र सम्मानजनक पेसाका रूपमा स्थापित गर्नु पर्छ। यसका लागि राज्यले स्पष्ट र दीर्घकालीन कृषि नीति ल्याउनु पर्छ, जसले उत्पादनदेखि बजारसम्मको सम्पूर्ण चक्रलाई समेटोस्। सिँचाइको विस्तार, कृषि यान्त्रिकीकर ण, उन्नत बिउ र मलको सहज उपलब्धता, कृषि अनुसन्धान र प्रविधिको विकासमा लगानी बढाउनु पर्छ ।

किसानलाई उत्पादनको उचित मूल्य सुनिश्चित गर्ने प्रणाली विकास गर्नु पर्छ । न्यूनतम समर्थन मूल्य, सहकारी प्रणालीको सुदृढीकरण, भण्डारण र प्रशोधन पूर्वाधारको विकासले किसानको आम्दानी स्थिर बनाउन मद्दत गर्छ । कृषि बिमा प्रणालीलाई प्रभावकारी बनाउँदै जोखिम न्यूनीक–रण गर्नु पर्छ, जसले किसानलाई आत्मविश्वासका साथ खेती गर्न प्रेरित गर्छ ।

युवालाई कृषितर्फ आकर्षित गर्न विशेष कार्यक्रम आवश्यक छन् । आधुनिक प्रविधि, स्टार्टअप अवधारणा, कृषि उद्यमशीलता र डिजिटल बजार प्रणालीले कृषिलाई नयाँ पुस्ताका लागि आकर्षक बनाउन सक्छ।

राज्यले उचित वातावरण श्रृजना गर्न सक्यो भने विदेश पलायन भइरहेका युवाले स्वदेशमै अवसर पाउन सक्छन् । किसानको सम्मान र कृषिको महत्वलाई समाजले पनि बुझ्नुपर्छ। जबसम्म कृषिलाई 'कम प्राथमिकताको पेसा' भनेर हेर्ने मानसिकता परिवर्तन हुँदैन, तबसम्म वास्तविक परिवर्तन सम्भव हुँदैन। किसान केवल उत्पादनकर्ता होइन, राष्ट्रको जीवनदाता हो यो चेतना प्रत्येक नागरिकमा विकसित हुन आवश्यक छ।

किसानको आँखामा आँसु छ भने देशको भविष्य उज्यालो हुन सक्दैन । विकासका ठुला नारा, भौतिक संरचनाका आकर्षक परियोजना र आर्थिक सूचकाङ्कका चम्किला तथ्याङ्कले मात्र समृद्धि सुनिश्चित गर्दैन । वास्तविक समृद्धि तब मात्र सम्भव हुन्छ, जब खेतबारी हरियाली हुन्छ, किसानको अनुहारमा मुस्कान देखिन्छ र गाउँमा जीवनको स्पन्दन हुन्छ ।

'किसान रोएपछि देश हाँस्दैन' भन्ने यथार्थ राज्यले स्वीकार गर्नुपर्छ। यसलाई नीतिगत मार्ग दर्शनको आधारकारूपमा लिनुपर्छ । कृषिलाई केन्द्रमा राखेर योजना बनाउने, किसानलाई सशक्त बनाउने र ग्रामीण अर्थतन्त्रलाई मजबुत बनाउने बाटोमै नेपालको दिगो विकास सम्भव छ । नत्र सम्भावनाले भरिएको यो देशले अवसर गुमाउँदै जानेछ र किसानको आँसु कहिल्यै सुक्ने छैन ।

*साभार : गोरखापत्र*

# नेपाली सुन्तला अब तेस्रो मुलुकतर्फ

स्याङ्जा/गुलियो, रसिलो र स्वादिलो पहिचान बनाएको स्याङ्जामा उत्पादित सुन्तलाले नेपालीलाई मात्र नभएर विदेशीलाई पनि आकर्षण गरेको छ। जिल्लाका ९७ वडामध्ये ९० वडामा सुन्तला उत्पादन हुँदै आएको छ। देशका ठूला सहरमा सहज निर्यात हुँदै आएको सुन्तला अब तेस्रो मुलुक निर्यात गर्ने तयारी भएको छ।



स्याङ्जामा उत्पादित सुन्तलाको जानकारी पाएसँगै अवस्था बुझ्न बंगलादेशका व्यवसायीको टोलीले स्थलगत् अध्ययन गरेको छ। अर्जुनचौपारी गाउँपालिका र वालिङका नगरपालिकाका अधिक सुन्तला उत्पादन हुने स्थानको स्थलगत् अध्ययन र अवलोकन गरेको व्यवसायीको टोली स्थानीय कृषकले उत्पादन गरेका सुन्तलाबाट निकै प्रभावित भएका छन्।

आउँदो सिजनबाट जिल्लामा उत्पादित सुन्तला बंगलादेशका उपभोक्तासमक्ष पुऱ्याउने अभियानमा जुटेको स्थानीय अगुवा कृषक फणिनारायण अर्यालले बताए। एक दशक पहिले आफूले सुन्तला बंगलादेश पठाएको जानकारी दिँदै अर्जुनचौपारी गाउँपालिका-१, थापथोकस्थित त्रिपुत्र बागवानी कृषि फार्म सञ्चालक अर्याल आगामी दिनमा सहजरुपमा निर्यात गर्न सकिनेमा विश्वस्त देखिए।

'तेस्रो मुलुकका रुपमा बंगलादेशमा नेपाली सुन्तलाको राम्रो माग छ। तर, हालसम्म सहजरुपमा निर्यात गर्न सकिएको छैन,' अगुवा कृषक अर्यालले भने-हेफर नेपाल र हेफर बंगलादेशको सहकार्यमा आउँदा दिनमा सहजरुपमा निर्यात गर्ने विश्वास र आधार तयार भएको छ। हेफर परियोजना (प्रोजेक्ट) नेपाल र हेफर परियोजना (प्रोजेक्ट) बंगलादेशको सहकार्यमा जिल्लाको सुन्तला बंगलादेश लैजाने तयारी गरिएको अर्यालले जानकारी दिए। सुन्तला उत्पादन र वातावरणको वास्तविक अवस्था अनुगमन गर्न बंगलादेशको व्यवसायीको टोली जिल्लाका विभिन्न स्थानमा पुगेको थियो। अर्जुनचौपारी गाउँपालिका तथा वालिङ र गल्याङ नगर पालिकाका विभिन्न स्थानमा पुगेको टोलीले सुन्तला उत्पादन र उत्पादन प्रक्रियाको अवस्थाबारे गहिरो अध्ययन गरेको छ।

हेफर बंगलादेशका कार्यक्रम प्रबन्धक आशिक एकबालले आगामी वर्ष स्यांजाको सुन्तला बंगलादेश पुऱ्याउने योजना रहेको सुनाए। हेफर परियोजना लागु भएका पालिकाहरुसँगको सहकार्यमा सुन्तलाको बजारीकरण र निर्यातको काम गरिने उनको भनाइ छ। स्यांजाको सुन्तलाले आफूहरुको ध्यान तानेको बंगलादेशका व्यवसायी गाजी ताउहिदुर रहमानले बताए। आवश्यक प्रक्रिया पूरा गरेर आउँदो सिजनबाट सुन्तला आफ्नो देशमा लैजाने तयारीमा जुटेको उनले जनाए। सुन्तला उत्पादनका लागि उत्कृष्ट वातावरण रहेको बताउँदै रहमानले उचित भण्डारणको आवश्यकता औंल्याए। बंगलादेशमा अचार तथा फलफूलको व्यवसाय गर्दै आएका अर्का व्यवसायी सोहिल अमनले नेपालको सुन्तलाको चर्चा धेरै सुनेको भन्दै प्रत्यक्ष अनुगमनबाट आफूहरु उत्साहित भएको जानकारी दिए।

स्याङ्जाको वालिङ, भीर कोट र गल्याङ नगरपालिका तथा कालीगण्डकी गाउँपालिकामा स्थानीय पालिकाको सहकार्यमा हेफर परियोजनाले उत्पादन र उत्पादकत्व वृद्धिको काम गर्दै आएको छ। परियोजना सञ्चालन भएका पालिकासँगको सहकार्यमा सुन्तलाको बजारीकरणसँगै अन्तर्राष्ट्रियस्तरमा निर्यात गरिने हेफर परियोजना नेपालका बजार विकास प्रमुख डा. राजकुमार अधिकारीले जनाए। वालिङमा विभिन्न सुन्तला उत्पादक महिला स्वावलम्वी समूहमार्फत् सामूहिक रुपमा बजारीकरणको काम गर्दै आएका छन्। उनीहरुले सुन्तला जोखेर बेच्ने अभियान अगाडि बढाएका हुन्। जसको कारण बगैंचा नै ठेक्का लिने सुन्तला व्यवसायी अब सुन्तला जोखेर बेचबिखन गर्न थालेका हुन्। वालिङ नगरपालिका, हेफर इन्टरनेसनल नेपाल र स्थानीय दियालो संस्थाको सहकार्यमा वालिङमा सुन्तला उत्पादन तथा बजारीकरणको काम हुँदै आएको नगर प्रमुख कृष्ण खाँणले जानकारी दिए।

स्याङ्जामा गएको सिजनमा एक अर्ब ३२ करोडभन्दा बढी मूल्यको सुन्तला उत्पादन भएको छ। राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यान्वयन एकाई स्यांजाका सूचना अधिकारी प्रतिभा बुढाथोकीक्षेत्रीले दिएको जानकारीअनुसार जिल्लामा गएको वर्ष कुल २३ हजार २ सय ३८ मेट्रिकटन सुन्तला उत्पादन भएको छ।

उत्पादित सुन्तला थोकमा प्रतिकिलो ५७ रुपियाँका दरले बिक्री वितरण भएको थियो। अघिल्लो वर्षको तुलनामा पछिल्लो वर्ष २० करोड बढी मूल्यको सुन्तला उत्पादन भएको हो। गत वर्ष २० हजार ८४ मेट्रिकटन सुन्तला उत्पादन भएको थियो। विगतका वर्षहरुको तुलनामा उत्पादनमा समेत वृद्धि हुने अनुमान गरिएको छ। जिल्लामा सुन्तलाका सयौं बगैंचा छन् भने हजारौं कृषकले सुन्तला उत्पादन गर्दै आएका छन्।

# नयां वर्षमा ५० हजार बढीले गरे लुम्बिनी भ्रमण



सन्देश संवाददाता

बुटवल/नयाँ वर्ष २०८३ सालको पहिलो दिन ५० हजार बढीले बुद्ध जन्मस्थल लुम्बिनी भ्रमण गरेका छन्। रुपन्देहीसहित देशका विभिन्न भागबाट नयाँ वर्ष मनाउन उनीहरु लुम्बिनी आएका थिए। नयाँ वर्षको दिन मायादेवी मन्दिर प्रवेश गर्न लामो लाइन लागेको थियो। आधिकारिक तथ्यांक तयार गरिरहेको र कम्तिमा ५० हजार जनाले बुद्ध जन्मस्थलको भ्रमण गरेको लुम्बिनी विकास कोषका सूचना अधिकृत हरिध्वज राईले जानकारी दिए।

मायादेवी मन्दिरबाहेक शान्तिदीप र अन्य स्तुपा तथा विहारमा पनि आन्तरिक पर्यटकको भिडभाड थियो। यो अघिल्लो वर्षकै हाराहारीको तथ्यांक हो। एक वर्षअघि २०८२ सालको नयाँ वर्षमा ३२ हजार ७ सय ९५ जना लुम्बिनी आएका थिए। तर, कोभिडअघि भन्दा निकै कम हो। कोभिडअघि २०७६ को नयाँ वर्षको दिन १ लाख ६ सय ९७ आन्तरिक पर्यटक लुम्बिनी आएका थिए। कोभिडपछि लुम्बिनीमा चहलपहल कम हुने गरेको छ।

नयाँ वर्षको दिन लुम्बिनीपरिसरमा राम्रै चहलपहल भए पनि बाहिरका होटलमा खासै पाहुना नभएको होटल व्यवसायीले बताउने गरेका छन्। अघिल्लो दिन ४० प्रतिशत्जति मात्र अकुपेन्सी रहेको होटल संघ लुम्बिनीका सचिव योगेन्द्र कँडेलले जानकारी दिए। भित्र चहलपहल र भिडभाड देखिन्छ। होटलमा उल्लेखनीय देखिएको छैन। उनले भने-नयाँ वर्षको दिन र अघिल्लो दिन ४० प्रतिशत् हाराहारीमात्र अकुपेन्सी छ।

लुम्बिनीमा कोभिडपछि निकै कम पाहुना आउने गरेको होटल सञ्चालकको भनाइ छ। कोभिडअघि नयाँ वर्षको बेला ७० प्रतिशत् जति अकुपेन्सी हुने गरेको संघ सचिव कँडेलले सुनाए। 'नयाँ वर्षको बेलाभन्दा केही दिनअघिसम्म भने आन्तरिक पर्यटकको राम्रो चहलपहल भएको थियो। त्यसबेला एसईई तथा विद्यालयका परीक्षा सकेर घुम्न आउनेहरु पनि थिए। भारतीय पर्यटक पनि आएका थिए। हाल भारतीय आउनै छाडे,' कँडेलले भने।

नयाँ वर्षको अवसरमा रुपन्देहीका अन्य पर्यटकीयस्थलमा पनि चहलपहल थियो। बुटवल नजिकको चुरे पहाडको केही माथि ऐतिहासिक नुवाकोटमा पनि नयाँ वर्ष मनाउन जानेको चहलपहल थियो। बुटवलबाट केबलकार चढेर नुवाकोटगढी जान सकिन्छ। नुवाकोट जान सिद्धार्थ केबलकार चढ्नेहरुको दिनभर भिड थियो। बटम स्टेसन देउरालीडाँडा र टपस्टेसन नुवाकोटमा केबलकार चढ्नेहरुको लामो लाइन थियो। बैशाख १ गते ३ हजार ५ सयले केबलकार चढेको सिद्धार्थ केबलकारका प्रबन्धक नरबहादुर कार्कीले जानकारी दिए।

यात्रुहरुको चापको कारण राति ९ बजेसम्म केबलकार सञ्चालन गरिएको उनले बताए। नयाँ वर्षको अवसरमा प्रथम नुवाकोट महोत्सव पनि आयोजना भएको छ। नुवाकोट विकास समितिको आयोजनामा दुई दिने महोत्सव आयोजना गरिएको हो। महोत्सव उद्घाटन गर्दै लुम्बिनी प्रदेशसभा सभामुख तुलाराम घर्तीले निजीक्षेत्रको पहलमा ऐतिहासिक ठाउँमा लगानी भएको भन्दै यसको अझ प्रचारप्रसार हुनुपर्नेमा जोड दिए। उनले ऐतिहासिक स्थानको संरक्षणका लागि संघीय र प्रदेश सरकारले ध्यान दिनुपर्ने उल्लेख गरे।

नुवाकोट विकास समिति अध्यक्ष पीएल श्रेष्ठले यहाँको पर्यटकीय विकासका लागि गुरुयोजनाअनुसार अघि बढेको जानकारी दिए। प्रदेशसभा सदस्य भोजप्रसाद श्रेष्ठले गुरुयोजनाअनुसार पूर्वाधार बनेर तयार भएमा लुम्बिनी आएका पर्यटकलाई आकर्षित गर्न सकिने उल्लेख गरे।

कार्यक्रममा पाल्पाको तिनाउ गाउँपालिका अध्यक्ष प्रेम श्रेष्ठ, नुवाकोट विकास समितिका निवर्तमान अध्यक्ष माधब नेपाललगायतले नुवाकोटको ऐतिहासिक महत्वबारे चर्चा गरेका थिए।

महोत्सवमा मौलिक खानाका स्टल राखिएको छ। सांस्कृतिक डबलीमा आयोजित महोत्सवमा विभिन्न कलाकारले सांगीतिक प्रस्तुति प्रस्तुत गरेका थिए।

नयाँ वर्षका अवसरमा बुटवलको मणिमुकुन्द सेन उद्यान फुलारीमा २२ हजार जति नयाँ वर्ष मनाउन पुगेका छन्। तिलोत्तमा नगर पालिकामा रहेको शंकरनगर बनबाटिकामा निकै भिडभाड थियो।

# द्वन्द्वपीडितका अनुभव समेट्दै पुस्तक सार्वजनिक, न्यायमा ढिलाइप्रति चिन्ता



काठमाडौं/अपांगता भएका द्वन्द्वपीडितको राष्ट्रिय सञ्जालले 'युद्धका जीवित स्मृतिहरू-शृंखला २' नामक पुस्तक सार्वजनिक गरेको छ। सञ्जालले बुधबार आयोजना गरेको पुस्तक सार्वजनिक कार्यक्रममा पुस्तकको प्रतिनिधिसभा सदस्य प्रेम वयक, राष्ट्रिय मानवअधिकार आयोगका सचिव मुरारीप्रसाद खरेल, सत्य निरूपण तथा मेलमिलाप आयोगका सचिव निर्मला अधिकारी भट्टराई, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव मानबहादुर अर्याल, अपांगता भएका द्वन्द्वपीडितको राष्ट्रिय सञ्जालका अध्यक्ष सुरेन्द्र खत्री, मानवअधिकार कर्मी चरण प्रसाईं, मानव अधिकार कर्मी मन्दिर शर्मालगायतले सामूहिक रूपमा सार्वजनिक गरे।

प्रतिनिधिसभा सदस्य प्रेम वयकले विस्तृत शान्ति सम्झौता भएको लामो समय भए पनि संक्रमणकालीन न्यायको काम अझै पूरा हुन नसकेको उल्लेख गर्दै आफूले १०० दिने सुधारको कार्यसूचीमा पनि नपरेको हुँदा प्रधानमन्त्रीसमक्ष कुरा राख्ने विश्वास दिलाए। सांसद वयक आफैं पनि द्वन्द्वपीडित हुन्। उनले पीडितको मागबमोजिक नियमावली बनाउन आफूले पहल गर्ने र संसद्मा यस विषयमा सवाललाई बलियोसँग उठाउने प्रतिबद्धता व्यक्त गरे। राष्ट्रिय मानवअधिकार आयोगका सचिव मुरारीप्रसाद खरेलले आयोगले अपांगता भएका द्वन्द्वपीडितका साथै संक्रमणकालीन न्यायका लागि निरन्तर काम गर्दै आएको र आगामी दिनमा पनि पीडितको भावनालाई समेट्दै काम गर्ने प्रतिबद्धता व्यक्त गरे।

न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव मानबहादुर अर्यालले संक्रमणकालीन न्यायसम्बन्धी ऐनअनुसार नियमावली बन्ने काम भइरहेको र पीडितको सल्लाह/सुझाव लिएर काम पीडितमैत्री तरिकाले काम गर्ने बताए। सत्य निरूपण तथा मेलमिलाप आयोगका सचिव निर्मला अधिकारी भट्टराईले आयोगले पीडितहरूको भावनालाई समेटेर काम गर्ने प्रयास गरिरहेको जानकारी गराउँदै केही असहमतिका विषयहरू भएमा पीडितहरूलाई प्रष्ट राख्न आग्रह गरिन्। मानवअधिकारकर्मी चरण प्रसाईं, मानवअधिकारकर्मी मन्दिर शर्मा, द्वन्द्वपीडित साझा चौतारीका संस्थापक अध्यक्ष सुमन अधिकारीलगायतले अपांगता भएका द्वन्द्वपीडितका भोगाई समेटेर पुस्तक प्रकाशन गर्नु राम्रो काम भएको र संक्रमणकालीन न्यायलाई सरकारले प्राथमिकता दिनुपर्नेमा जोड दिए।

अपांगता भएका द्वन्द्वपीडितको राष्ट्रिय सञ्जालका अध्यक्ष सुरेन्द्र खत्रीले यसअघि १४ र अहिले २० जनाको अपांगता भएका द्वन्द्वपीडितको कथा समेटिएको जानकारी दिँदै संक्रमणकालीन ऐनअनुसार बनेको नियमावलीमा अपांगता भएको व्यक्तिको सहायता सामग्रीबारेमा पनि व्यवस्था गर्न आग्रह गरे। पुस्तकमा नेपालमा २०५२ देखि २०६३ सालसम्म चलेको १० वर्षे सशस्त्र द्वन्द्वमा हजारौं सर्वसाधारण नागरिक अपांगता भएका छन्। द्वन्द्वमा गोली, विष्फोटन, यातना र दोहोरो भीडन्त परेर घाउहरू शरीर बोकेर बाँच्न बाध्य छन्। कैयौँले मानसिक आघातका रूपमा अदृश्य घाउहरूभित्र उनीहरूको पीडासँग जुध्ने तथा अदृश्य घाउहरूभित्र जुध्ने शक्ति तथा सम्मानित जीवन जिउने दृढ संकल्पका २० जना व्यक्तिका कथाहरू समेटिएको छ।

यो पुस्तकमा समेटिएका अधिकांश युद्धका असरहरू शारीरिक पीडा, मानसिक आघात, सामाजिक बहिष्करण तथा आर्थिक कष्ट भोगिरहेका छन्। अनेकौ चुनौतीहरूका बाबजुद, पुनःस्थापना, पारिवारको रेखदेखमा बसिरहेका छन्। १० वर्षे सशस्त्र द्वन्द्वपछि भएको विस्तृत सम्झौतामा भएको २० वर्ष पूरा भइसकेको छ।

यसबीचमा संक्रमणकालीन घटनाको सत्य, तथ्य अनुसन्धान गरी न्यायको पर्खाइमा बसेका पीडतलाई न्यायको अनुभूति हुने काम गर्न २ आयोगको गठन भयो। पटकपटक आयोगहरू काम पूरा गर्न असफल भयो। अहिले तेस्रोपटक ४ वर्षका दुवै आयोगका पदाधिकारीहरूले काम गरिरहेका छन्। कतिपय पीडितहरूले आयोगका पदाधिकारी नियुक्ति प्रक्रियामै असहमति जनाएका छन्।

द्वन्द्वमा अपांगता सर्वसाधारण द्वन्द्वपीडितको अहिले यकिन तथ्यांक छैन। कसैले प्रारम्भिक राहतसमेत पाएका छैनन्। अपांगता भएका द्वन्द्वपीडितको राष्ट्रिय सञ्जालले द्वन्द्वमा अपांगता भएका नागरिकहरू र द्वन्द्वपश्चात् विभिन्न विस्फोटक पद्धार्थ परी घाइते भएका व्यक्तिको हक अधिकारका लागि काम गर्दै आएको छ।

'जसको सवाल: उसको नेतृत्व' भन्ने उद्देश्यका साथ २०७६ सालमा संस्था नै खोलेर काम गर्दै आएको छ।

यो संस्थामा ४४० अपांगता भएका द्वन्द्वपीडित आबद्ध छन्। शान्ति सम्झौतापछि मुलुकमा धेरै राजनीतिक परिवर्तन भए पनि संक्रमणकालीन न्यायको काम पूरा हुन सकेको छैन। अझै पनि पीडितहरू न्यायको आशामा बसिरहेका छन्।

# यस्तो छ २०८२ सालमा प्रदर्शन भएका चलचित्रमध्ये केहीका कमाई

काठमाडौं/नेपाली चलचित्र क्षेत्रका लागि वर्ष २०८२ समग्रमा सुखद रह्यो। गत वर्ष प्रदर्शन भएका चलचित्रले घरेलुबजारमा दर्शकको राम्रो साथ पाए। चलचित्र विकास बोर्डले सार्वजनिक गरेको तथ्यांक अनुसार गत वर्ष स्वदेशी चलचित्र ५७ वटा प्रदर्शन भए।

चलचित्र विकास बोर्डअन्तर्गतको सेन्ट्रल म्यानेजमेन्ट टिकट सिस्टम (सिनेपा २ बक्सअफिस) को तथ्यांक अनुसार गत कात्तिक १४ मा प्रदर्शन भएको चलचित्र 'परान' ले १७ करोड ७६ लाख ८४ हजार ४१० रुपैयाँ कमाइ गर्दै घरेलु बजारमा सर्वाधिक कमाइ गर्ने स्वदेशी चलचित्र बन्यो। प्रदर्शन भएका चलचित्रमध्ये सबैभन्दा न्यून कमाइ गर्ने चलचित्र 'इन्दिरा धिमे मैचा' बन्यो। उक्त चलचित्रले कूल ११ हजार ७०० रुपैयाँ मात्र कमाइ गरेको तथ्यांक उल्लेख छ।

गत वर्ष सर्वाधिक कमाइ गर्ने चलचित्र 'परान' का लागि कूल ६ लाख ३० हजार ६९१ प्रति टिकट बिक्री भएको थियो। दीपकप्रसाद आचार्यले निर्देशन गरेको उक्त चलचित्रले विशेषतः परिवारलाई दर्शक बनाएर चलचित्र भवनसम्म ल्याउन सफल भएको थियो।

त्यसैगरी गत वर्ष सर्वाधिक कमाइ गर्ने सूचीको दोस्रो स्थानमा चलचित्र 'आ बाट आमा' रहेको छ। उक्त चलचित्रका लागि पाँच लाख चार हजार ३२९ प्रति टिकट बिक्री हुँदा १३ करोड १३ लाख ७८ हजार ५२० रुपैयाँ कमाइ गरेको छ।

निर्देशक चन्द्र पन्तले निर्देशन गरेको उक्त चलचित्रमा अभिनेता पल शाह, विपना थापा, प्रदीप रावत, उषा उप्रेती, सिम्रन पन्त, साइग्रेस पोखरेल, गजित विष्ट, बेगम नेपालीलगायतका कलाकारले अभिनय गरेका छन्। आमा र छोरा बीचको कथा देखाइएको चलचित्र हालसम्म पनि नेपालका केही चलचित्र भवनमा प्रदर्शनरत छ।

गत वर्ष सर्वाधिक कमाइ गर्ने चलचित्रको सूचीमा तेस्रो स्थानमा 'जेरी अन टप' रहेको छ। सगरमाथा आरोहण र प्रेम कथा देखाइएको उक्त चलचित्रले नेपालको सुन्दरतालाई चित्रण गरेको थियो।

सामाजिक विषयवस्तुसँग आधारित रहेर तयार भएका चलचित्रको भिडमा भिन्न देखिएकै कारण 'जेरी अन टप' ले १२ करोड २८ लाख ८४ हजार रुपैयाँ कमाइ गर्न सफल भएको छ। सुयोग गुरुङले निर्देशन गरेको उक्त चलचित्रमा अनमोल केसी, आँचल शर्मा, जसिता गुरुङ, केदार घिमिरे, भुवन केसील गायतका कलाकारले अभिनय गरेका छन्।

प्रेम कथानक चलचित्र 'उनको स्वीटर' गत वर्ष २०८२ मा सर्वाधिक कमाइ गर्ने सूचीको चौथो स्थानमा छ। विपिन कार्की, मिरुना मगर, विल्सन विक्रम राईलगायतले अभिनय गरेको उक्त चलचित्रले घरेलु बजारमा ११ करोड ४१ लाख ९२ हजार १९५ रुपैयाँ कमाइ गरेको छ। नवीन चौहान निर्देशित उक्त चलचित्रका लागि तीन लाख ९२ हजार २४३ प्रति टिकट बिक्री भएको थियो।

पाँचौं स्थानमा रहेको चलचित्र 'जारी २' ले ६ करोड २४ लाख १७ हजार ४५३ रुपैयाँ कमाइ गरेको छ। उपेन्द्र सुब्बाले निर्देशन गरेको उक्त चलचित्रका लागि दुई लाख ९ हजार ३३३ प्रति टिकट बिक्री भएका थिए। उक्त चलचित्रमा अभिनेता दयाहाङ राई, मिरुना मगर, विजय बराल, बुद्धि तामाङलगायतका कलाकारले अभिनय गरेका छन्।

त्यसैगरी सर्वाधिक कमाइ गर्ने चलचित्रको छैटौं स्थानमा चलचित्र 'बलिदान' रहेको छ। जसले पाँच करोड १० लाख ५१ हजार १७२ रुपैयाँ, सातौं स्थानमा रहेको चलचित्र 'मोहर' ले पाँच करोड आठ लाख ९५ हजार ५१२ रुपैयाँ र आठौं स्थानमा रहेको चलचित्र 'हरिबहादुरको जुत्ता' ले चार करोड ७१ लाख ३८ हजार ६८७ रुपैयाँ कमाएको उल्लेख छ। नवौं स्थानमा रहेको चलचित्र 'माग्ने राजा' ले चार करोड ६९ लाख ४३ हजार ६५१ रुपैयाँ र दशौं स्थानमा रहेको चलचित्र 'माइतीघर' ले चार करोड १६ लाख ३१ हजार ८६३ रुपैयाँ कमाइ गरेको छ।

गत वर्ष कलाकारको 'स्टारडम' भन्दा 'कन्टेन्ट' चलेको वर्षका रुपमा हेर्न सकिन्छ। प्रदर्शन भएपछि दर्शकले नै सिफारिस गरेका कारण सफलताको नयाँ कीर्तिमान बनाउन सफल भए। गत वर्ष दर्शकहरू कलाकारको अनुहारभन्दा पनि चलचित्रमा उठान गरिएको विषयलाई हेर्न आएको चलचित्र वितरक करण श्रेष्ठले बताए।

उनले भने, 'गत वर्ष 'स्टार' कलाकारसँगै सामान्य रुपमा हेरिएको तर पात्रलाई पर्दामा जीवन्त बनाउन सक्ने कलाकारको चलचित्रको व्यापार धेरै भएको छ, दसैं र तिहारमा भएको चलचित्रको व्यापारले समग्र क्षेत्रलाई चलायमान बनाउन सफल भयो, गत वर्ष नेपालमा जेनजी पुस्ताको आन्दोलन, प्रतिनिधिसभाको निर्वाचनलगायतका गतिविधि भए तापनि समग्रमा चलचित्रको व्यापार राम्रो देखिएको छ।'

गत वर्ष प्रदर्शन भएर घरेलुबजारमा राम्रो कमाइ गर्ने चलचित्रको सूची हेर्दा रंगमञ्चका कलाकारसँगै 'स्टार' भनिएका कलाकार पनि छन्।

## निमोनिया विरुद्धको खोप लगाउन चाहने

## जेष्ठ नागरिकहरुलाई जरुरी सूचना

हेटौंडा उपमहानगरपालिका २ नम्बर वडा कार्यालयबाट वडाभित्रका नागरिकहरुका लागि **निमोनिया विरुद्धको खोप** लगाउने गरी ५४ भायल खोप खरिद मिति २०८१/०२/१९ मा १६ जना जेष्ठ नागरिकलाई खोप लगाई बांकी रहन गएको ३८ थान खोप लगाउन यस वडाका टोल विकास संस्थाहरुलाई नामावली उपलब्ध गराई दिनु हुन भनि पत्राचार गरी नामहरु प्राप्त भएको भएता पनि कतिपय घरधुरी टोल विकासमा समावेश नभएको कारणले नामहरु नआएको बुझिएकोले यो सूचना प्रकाशित गरिएको छ।

मिति २००६ साल भन्दा पहिले जन्म भएका खोप लगाउन ईच्छुक नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र वडा कार्यालयमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपिसहित निवेदन पेश गर्नु हुन अनुरोध छ। प्राप्त निवेदनहरु संकलन गरि जेष्ठताको आधारमा खोप लगाईने व्यहोरा जानकारी गराईन्छ।

हेटौंडा उमहानगरपालिका
**२ नम्बर वडा कार्यालय**

## ! हार्दिक समवेदना !



जन्मः
१९९७ बैशाख १४

स्व.बलराम अर्याल

स्वर्गारोहणः
२०८३ चैत्र २३


हाम्रा अतिमिलनसार मित्र बालसखा **निशा अर्याल**का पुज्यनीय पिता **बलराम अर्याल**को मिति २०८२ चैत्र २३ गते ८५ बर्षको उमेरमा भएको दु:खद् निधनको खखरले हामी ज्यादै मर्माहत भएका छौं। दु:खको यस घडिको आज १३ औं दिनको पुण्यथितिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्न सक्ने शक्ति ईश्वरले प्रदान गरुन् भन्दै हार्दिक समवेदना ब्यक्त गर्दछौं।

**आधुनिक राष्ट्रिय माध्यमिक बिद्यालय**
**पुर्व बिद्यार्थी समूह**

डिलर Partner
बिना लगानी
फोन बाटै सम्भावित आम्दानी
CLASSIC TECH
मासिक रु
20 हजार
सम्म सम्भावित कमाई
3 click Process
आकर्षक कमीसन
झन्झट फ्रि काम
T&C apply*




## आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ। स्थानः रातोमाटे भोर्ले।
**सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७**

# बैठक सञ्चालनसम्बन्धि प्राविधिक विषयमा सहमति

सन्देश संवाददाता

काठमाडौं/२३ चैतमा बसेको प्रतिनिधिसभा बैठकले सभाको नयाँ नियमावली बनाउन १४ दिनको समय दिएर १५ सदस्यीय मस्यौदा समिति गठन गरेको थियो । १४ दिनमध्ये १० दिन बितिसक्दा समितिले बैठक सञ्चालनसँग सम्बन्धित केही प्राविधिक विषयमा सहमति जुटाएको छ । तर, केही महत्वपूर्ण विषयमा भने सहमति जुट्न सकेको छैन ।

नियमावलीलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउने गरी छलफल अघि बढिरहेको समिति सदस्यहरुले बताएका छन् । नियमावलीमा कतिपय अस्पष्ट रहेका विषयलाई स्पष्टता दिने गरी छलफल भइरहेको उनीहरुको भनाइ छ । सहमति जुट्न नसकेका कतिपय विषय थाँती राख्दै समिति अघि बढेको छ । सहमति जुट्न नसकेका केही विषयमा अन्तिम समयमा सहमति जुटाएर नियमावलीलाई मूर्तरुप दिइने बताइएको छ ।

*महाअभियोग प्रस्ताव अल्झाउन निषेध*

संवैधानिक पदाधिकारीमाथि लगाइने महाअभियोग टुंग्याउने सन्दर्भमा विद्यमान नियमावलीमा किटान व्यवस्था नभएपछि त्यसलाई परिमार्जन गर्नेतर्फ छलफल अघि बढेको छ । महाअभियोगको प्रस्ताव दर्ता भएसँगै प्रतिनिधिसभाले निश्चित समयभित्र किनारा लगाउनैपर्ने प्रावधान राख्नुपर्नेमा सांसद्हरुले जोड दिएका छन् । महाअभियोग प्रस्ताव दर्ता हुनासाथ सम्बन्धित व्यक्ति स्वत: निलम्बनमा पर्ने भएकाले बेलैमा छिनोफानो नगर्दा महाअभियोग पूर्वाग्रहप्रेरित देखिने र निश्चित स्वार्थसिद्धिका लागि प्रयोग हुने देखिएपछि स्पष्ट समय र प्रक्रिया किटान गरेर प्रावधान राख्न लागिएको हो ।

संविधानको धारा १०१ को उपधारा (२) मा प्रधानन्यायाधीश वा सर्वोच्चका न्यायाधीश, न्याय परिषद्का सदस्य, संवैधानिक निकायका पदाधिकारीविरुद्ध महाभियोगको प्रस्ताव पेस गर्नसक्ने व्यवस्था छ । प्रतिनिधिसभामा तत्काल कायम सांसद्को एक चौथाइ सदस्यले महाअभियोग प्रस्ताव पेस गर्न सक्छन् । त्यस्तो प्रस्ताव प्रतिनिधिसभाको दुईतिहाइ मतबाट पारित भए सम्बन्धित व्यक्ति पदमुक्त हुने संवैधानिक व्यवस्था छ । महाभियोग प्रस्ताव पेस गर्ने आधार र कारण विद्यमान भए/नभएको छानबिन गरी सिफारिस गर्ने प्रयोजनका लागि प्रतिनिधिसभामा ११ सदस्यीय महाभियोग सिफारिस समिति रहने पनि संविधानमै व्यवस्था छ । समितिले महाअभियोगका लागि सिफारिस गरे प्रस्ताव पेस हुनेछ ।

प्रतिनिधिसभा नियमावली २०७९ को नियम १६४ मा संवैधानिक अंगको प्रमुख वा सदस्यविरुद्धको महाअभियोग प्रस्तावको आधार र कारण खुलाइ त्यस्तो प्रस्ताव पेस गर्ने सूचना महासचिव वा सचिवलाई दिनुपर्ने भनिएको छ भने सभाको अधिवेशन चालु नरहेको अवस्थामा महाअभियोग प्रस्ताव पेस गर्ने सदस्यले त्यस्तो प्रस्ताव दर्ता भएको मितिले १५ दिनभित्र बैठक बस्ने गरी संविधानको धारा ९३ को उपधारा (३) बमोजिम अधिवेशन आह्वानसमेतको माग गर्नुपर्ने उल्लेख छ । प्रतिनिधिसभा नियमावलीअनुसार गठन भएको महाअभियोग सिफारिस समितिले आफ्नो कारबाही सुरु गरेको ३ महिनाभित्र सिफारिससहितको प्रतिवेदन पेस गर्नुपर्छ ।

महाअभियोगका लागि यति धेरै प्रक्रिया पूरा गर्नुपर्ने, तर बीचमा संसद् अधिवेशन नभएको, संसद् नै नभएको वा संसद्ले उक्त प्रस्तावमाथिको निष्कर्ष नदिएकै अवस्थामा सम्बन्धित व्यक्तिको कार्यकाल सकिए के गर्ने भन्ने विषय नियमावलीमा स्पष्ट पार्नुपर्नेमा सांसद्हरुले जोड दिएका छन् । नियमावलीमा यस्ता कुरा स्पष्ट नहुँदा विगतमा तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरामाथिको महाअभियोग प्रस्तावले निष्कर्ष पाएको थिएन । जबराउपर तत्कालीन सत्तारुढ दलहरुले १ फागुन, २०७८ मा महाअभियोग प्रस्ताव दर्ता गरेका थिए । तर, प्रस्ताव प्रतिनिधिसभामा पेस हुन सकेन । यस्तो अस्पष्टतालाई आगामी नियमावलीमा स्पष्ट पार्नुपर्ने देखिएकाले उक्त विषयमा थप छलफल गर्ने भन्दै पर सारिएको छ ।

प्रतिनिधिसभा नियमावली मस्यौदा समिति सदस्य यज्ञमणि न्यौपानेले महाअभियोगको विषयमा यसअघि कार्यपालिका र न्यायपालिकाबीच टसल देखिएको भन्दै यस पटक नियमावलीमै स्पष्ट गर्न लागिएको बताए । 'एउटा अधिवेशनमा महाअभियोग पेस भइसकेपछि टुंग्याउनुपर्ने, कसरी र कति समयमा टुंग्याउने, एउटा अधिवेशन अन्त्य हुने बेलामा महाअभियोग प्रस्ताव आयो भने अर्को अधिवेशनले त्यसलाई स्वामित्व लिने कि नलिने स्पष्ट परिभाषा गर्ने भनेर लागेका छौं,' उनले भने ।

*अन्य व्यक्ति राख्न अंकुश*

मौजुदा नियमावलीको नियम १७१ मा सभाको गोप्य बैठकसम्बन्धि व्यवस्था छ । उक्त नियममा राष्ट्रिय सुरक्षा र राष्ट्रिय संकटसम्बन्धि कुनै विषयको छलफल गोप्य बैठकमा गरियोस् भनी प्रधानमन्त्रीले अनुरोध गरेमा तथा त्यस्तो अनुरोध सभामुखलाई मनासिब लागेमा उक्त विषयको छलफल गोप्य बैठकमा गराउने निर्णय गर्नसक्ने उल्लेख छ । गोप्य बैठक बसेको समयमा सभाका सदस्यबाहेक कुनै पनि व्यक्ति बैठककक्षमा बस्न नपाउने प्रावधान छ । तर, सभामुखले अनुमति दिएमा राष्ट्रियसभा सदस्य र सचिवालयका कर्मचारी, मर्यादापालक वा अन्य व्यक्ति बैठककक्षमा उपस्थित हुन बाधा नपर्ने प्रतिबन्धात्मक प्रावधान राखिएको छ ।

पारिभाषित व्यक्ति मात्र गोप्य बैठकमा बस्न पाउनुपर्ने प्रावधान राख्नुपर्नेमा सांसद्हरुको धारणापछि उक्त विषयलाई पनि पछि टुंग्याउने भन्दै तत्कालका लागि थाँती राखिएको छ ।

# एमाले-नेकपा सहकार्यका लागि अनौपचारिक संवाद



सन्देश संवाददाता

काठमाडौं/प्रतिनिधिसभामा तेस्रो र चौथो स्थानमा रहेका एमाले र नेकपा नेताहरूबीच सहकार्यका लागि संवाद सुरु भएको छ । 'आगामी सहकार्य'का लागि एमाले महासचिव शंकर पोखरेल, उपाध्यक्ष पृथ्वीसुब्बा गुरुङ, उपमहासचिव लेखराज भट्ट र नेकपा नेता नारायणकाजी श्रेष्ठ, वर्षमान पुनलगायत नेताहरूबीच संवाद भइरहेको नेताहरूले जानकारी दिएका छन् ।

दलका केही नेताले २१ फागुनको प्रतिनिधिसभा निर्वाचन परिणामले वाम सहकार्य हुँदै एकतासम्म जाने मनोविज्ञान सृजना गरेको जनाएका छन् । मंसिर ०८२ मा हुने स्थानीय र प्रदेशको निर्वाचनसम्मै सहकार्यका लागि ठोस आधार बन्नेगरी छलफल भइरहेको उनीहरूको भनाइ छ । तत्काल राष्ट्रिय मुद्दामा सहकार्य गर्ने, स्थानीय र प्रदेश निर्वाचनमा गठबन्धन गरी प्रतिस्पर्धा गर्नेसम्म हुने नेकपाका एक वरिष्ठ नेताले बताए ।

'अब पनि एक्लाएक्लै चुनावमा जाने हो भने नेपालबाट वाम अस्तित्व नै समाप्त हुने जोखिम हुन्छ,' ती नेताले भने । निर्वाचनले खुम्चाई दिएका एमाले अध्यक्ष ओली र नेकपा संयोजक पुष्पकमल दाहाल 'संविधान निर्माता' नेताको हैसियतले राष्ट्रियता, संविधान संशोधनका मुद्दामा सहकार्य गर्ने मनस्थितिमा पुगेका हुन ।

# मन्त्रीको आर्थिक सुदृढता संरचनागत् असमानताको संकेत

सन्देश संवाददाता

काठमाडौं/धनी परिवारमा जन्मिएको व्यक्ति माथि उठ्न सजिलै पाउँछ भने गरिब परिवारमा जन्मिएको व्यक्ति त्यही चक्रमा अड्किइरहने सम्भावना बढी हुन्छ । यही संरचनात्मक असमानताले समाजमा निराशा, आक्रोश र अन्ततः द्वन्द्वको विउ रोपिरहेको छ । सत्ताकेन्द्रबाट सार्वजनिक भएको सम्पत्ति विवरण केवल कागजी औपचारिकतामात्र होइन, यसले नेपालको राजनीतिक संस्कृतिको गहिरो तहमा लुकेको प्रश्नलाई सतहमा ल्याइदिएको छ ।

शक्ति र सम्पत्तिको सम्बन्ध कति पारदर्शी छ र त्यो पारदर्शिता जनविश्वास निर्माण गर्न पर्याप्त छ कि छैन बालेन्द्र शाह नेतृत्वको सरकारद्वारा सार्वजनिक गरिएको विवरण हेर्दा एउटा पक्ष प्रष्टरुपमा देख्न सकिन्छ ।

नेपालको राजनीतिमा सम्पत्तिको आकार र स्वरुप विविध छ । कसैसँग सयौं तोला सुन छ, कसैले करोडौंको सेयर लगानी गरेका छन्, कसैले भने केही कुखुरा र बाख्रालाई आफ्नो सम्पत्तिका रुपमा उल्लेख गरेका छन् ।

यही विविधताले नेपाली राजनीतिको वास्तविकता पनि झल्काउँछ । यो पूर्णरुपमा समान धरातलमा उभिएको प्रणाली होइन, बरु असमान पृष्ठभूमिबाट आएका पात्रहरुको सम्मिश्रण हो ।

# भाडा समायोजन गर्न यातायात व्यवसायीको माग

सन्देश संवाददाता

वीरगञ्ज/नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले पेट्रोलियम पदार्थको निरन्तर मूल्यवृद्धिले यातायात क्षेत्र प्रभावित भएको भन्दै तत्काल मूल्य फिर्ता लिन वा सार्वजनिक यातायातको भाडा समायोजन गर्न सरकारसँग माग गरेको छ ।

बिहीबार जारी प्रेस विज्ञप्तिमा महासंघले पछिल्ला केही महिनादेखि अन्तर्राष्ट्रिय बजारमा देखिएको उतारचढावका कारण डिजेल र पेट्रोलको मूल्य बढ्दै गएको उल्लेख गर्दै यसले यात्रुवाहक तथा मालवाहक सवारी साधन सञ्चालनमा प्रत्यक्ष असर पारेको जनाएको छ ।

महासंघका महासचिव डेकनाथ गौतमका अनुसार सरकारले लागू गरेको स्वचालित मूल्य प्रणालीअनुसार इन्धनको मूल्य बढ्दा त्यसअनुसार भाडा समायोजन नगरिँदा व्यवसायीहरू आर्थिकरूपमा मारमा परेका छन् ।

महासंघले २०७९ सालदेखि लागू वैज्ञानिक भाडा समायोजन प्रणालीअनुसार मूल्य समायोजन हुनुपर्ने माग गर्दै बढ्दो लागतका कारण सेवा सञ्चालनमा समस्या आएको जनाएको छ । इन्धन खपत घटाउने र सेवा व्यवस्थापन प्रभावकारी बनाउने प्रयास भइरहे पनि खर्च अत्यधिक बढेकाले तत्काल समाधान आवश्यक रहेको महासंघको भनाइ छ ।

साथै, नेपाल आयल निगममार्फत भइरहेको पटक-पटकको मूल्यवृद्धिको सट्टा वैकल्पिक व्यवस्था मिलाउन र समस्या समाधानका लागि यथाशीघ्र निर्णय लिन महासंघले सरकारसँग आग्रह गरेको छ ।

# निजी विद्यालयमाथि अभिभावकको दबाब




सन्देश संवाददाता

काठमाडौं/शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले निजी लगानीका विद्यालयहरुले कानुनविपरीत उठाउँदै आएको भर्ना र अन्य शुल्क फिर्ता गराउन निर्देशन दिएपछि अभिभावकहरुले नियमित रुपमा गुनासो टिपाउन थालेका छन् । मन्त्रालयको निर्देशन कार्यान्वयनका लागि लिखितरुपमा सबै स्थानीय तहलाई अनुरोध गर्नाका साथै भक्तपुरस्थित शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा सहायता कक्ष स्थापना गरिएको छ ।

केन्द्रका निर्देशक निर्मलप्रसाद सिंह राठौरले विद्यार्थी भर्ना शुल्कलगायत विषयमा विभिन्न माध्यमबाट सरकारी निकायलाई प्राप्त गुनासा समयमा सम्बोधन गरी सेवाप्रवाहको प्रभावकारिता वृद्धिमा सहायता कक्ष क्रियाशील रहेको बताए । 'मेरो मोबाइल नम्बर र इमेल पनि सार्वजनिक गरिएकाले मलाई हरेक क्षण अभिभावकको फोन आइरहन्छ, उठाएरै भ्याइन्न,' निर्देशक राठौरले भने-फोनबाट समाधान हुने विषय फोनबाट नै सम्बोधन गर्दै आएको छु । इमेलबाट प्राप्त गुनासा एकीकृत गरेर महानिर्देश कसमक्ष पेस गरेको छु । कतिपय अभिभावकमा भर्ना र वार्षिक शुल्कका विषयमा अस्पष्टता भएकाले पनि गुनासो बढेको पाइएको छ ।

शिक्षा नियमामवली, २०५९ (संशोधनसहित) को नियम १४६ मा विद्यालयले लिन पाउने शुल्क तथा धरौटीको व्यवस्था छ । उक्त दफामा विद्यालयले मासिक पढाइ शुल्क, कुल दुई महिनाको पढाइ शुल्क बराबरको रकममा नबढ्ने गरी खेलकुद, अतिरिक्त क्रियाकलाप, प्रयोगशाला, मर्मतसम्भार, पुस्तकालय र प्राथमिक उपचार, वार्षिक शुल्क, विद्यालयमा पहिलो पटक भर्ना हुँदा एक पटकको लागि भर्ना हुने कक्षाको मासिक पढाइ शुल्कमा नबढ्ने गरी भर्ना शुल्क लिन पाउने प्रबन्ध गरिएको छ । विविध शीर्षकमा परीक्षा शुल्क, कम्प्युटर शुल्क, स्थानान्तरण प्रमाणपत्र शुल्क, विशेष प्रशिक्षण (जुडो, मार्सल आर्टस्, पौडी, गायन, नृत्य) शुल्क, आवास शुल्क, परिवहन शुल्क, भोजन शुल्क लिन सकिने नियमावलीले व्यवस्था गरेको छ । नियमावलीको नियम १४७ मा विद्यालयले विद्यार्थीसँग लिने अधिकतम् शुल्क विद्यालयको वर्गीकरणका आधारमा तोकी सम्बन्धित शिक्षा विकास तथा समन्वय एकाईले शैक्षिकसत्र सुरु हुनु भन्दा तीन महिनाअगावै सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था छ ।

विद्यालय व्यवस्थापन समितिले शिक्षक-अभिभावक संघको कार्यकारी समितिसँग परामर्श गरी तोकिएको अधिकतम् शुल्क सीमाभित्र रही शैक्षिकसत्र सुरु हुनु दुई महिना अघि समन्वय एकाईमा पेस गर्नुपर्ने भनिएको छ । एकाईले प्रस्तावको जाँचबुझ गरी शुल्कको दर तोकी सूचना प्रकाशन गर्नेछ । शुल्क व्यवस्थापन तथा अनुगमनका लागि केन्द्रका महानिर्देशकको संयोजकत्वमा केन्द्रीय समिति गठनको व्यवस्था गरिएको छ ।

मन्त्रालयले कानुनविपरीत लिइएको भर्ना शुल्क र संस्थागत् विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका, २०७२ द्वारा निर्धारितबाहेक अन्य शुल्कलाई फिर्ता गराउन कानुनी प्रक्रिया अघि बढाउन चैत २२ गते सम्बन्धित सबै स्थानीय तहलाई अनुरोध गरेको थियो । आफूखुसी शुल्क लिएर फिर्ता नगर्ने विद्यालयलाई शिक्षा ऐन, २०२८ बमोजिम कारबाही हुनसक्नेतर्फ मन्त्रालयले सचेत गरा एकोथियो । शुल्क फिर्ता निर्देशनपछि निजी विद्यालयमाथि अभिभावकको दबाब बढेको छ ।

# 'दहेज मुक्त विवाह' बिवाह कार्डमै लेख्न आग्रह

सन्देश संवाददाता

वीरगञ्ज/उपसभामुख रुवीकुमारी ठाकुरले विवाह निमन्त्रणा-पत्रमै 'दहेज मुक्त विवाह' भन्ने सन्देश प्रवाह गर्न आग्रह गरेकी छन् । सामाजिक सञ्जाल मार्फत् उनले पछिल्लो समय आफूले प्राप्त गरेका धेरै निमन्त्रणा-पत्रहरूमा दाइजोमुक्त विवाहको भन्ने सन्देश नदेखेको भन्दै उनले समाज अझै दाइजो प्रथाबाट पूर्णरूपमा मुक्त हुन नसकेको बताएकी हुन् ।

'हालै मैले धेरै विवाहका निमन्त्रणापत्रहरू प्राप्त गरिरहेको छु । तर तीमध्ये कुनैपनि कार्डमा 'दहेज मुक्त विवाह' भन्ने स्पष्ट उल्लेख देख्न पाइएको छैन,' ठाकुरले सामाजिक सञ्जालमा लेखेकी छन् 'यसले हाम्रो समाज अझै दाइजो जस्तो गम्भीर कुरीतिबाट पूर्णरूपमा मुक्त हुन नसकेको संकेत गर्छ ।'

दाइजो लिनु र दिनुमात्र होइन, दाइजोको लेनदेनमा आधारित विवाहलाई स्वीकार गर्नु, त्यस्ता कार्यक्रममा सहभागी हुनु वा भोज ग्रहण गर्नुपनि सामाजिक रूपमा अस्वीकार्य र कानुनी रूपमा दण्डनीय विषय भएको उनले बताएकी छन् ।

'यस्तो प्रथाले महिलाको सम्मान, समानता र अधिकारमाथि प्रत्यक्ष आघात पुऱ्याउँछ,' उनले भनेकी छन्, 'यदि हामी साँच्चिकै समाज परिवर्तनको कुरा गर्छौं, देश विकासको सपना देख्छौं र सामाजिक कुरीतिका विरुद्ध उभिन चाहन्छौं भने परिवर्तनको सुरुवात हामी आफैंबाट गर्नुपर्छ । हाम्रो सानो कदमले पनि ठूलो रूपान्तरण सम्भव हुन्छ ।'

उनले दाइजो लेनदेन भएको विवाहमा आफू सहभागी नहुने पनि उनले बताएकी छन् । 'दाइजो लेनदेन भएको विवाहमा म सहभागी हुन असमर्थ रहने जानकारी गराउन चाहन्छु । कृपया दहेज मुक्त, समानतामा आधारित र सुसंस्कृत विवाहको अभ्यासलाई प्रोत्साहन गरौं,' उनले भनेकी छन्, 'विवाह निमन्त्रणापत्रमा 'दहेज मुक्त विवाह, दाइजो लिनु र दिनु सामाजिक तथा कानुनी अपराध हो' भन्ने स्पष्ट सन्देश समावेश गरी पठाउन हार्दिक अनुरोध गर्दछु । आउनुहोस्, हामी सबै मिलेर दाइजोमुक्त समाज निर्माणतर्फ ठोस पाइला चालौं ।'

# बजेटमार्फत् उद्योगीका समस्या सम्बोधन गर्ने 'आश्वासन



सन्देश संवाददाता

काठमाडौं/नेपाल राष्ट्रिय व्यवसायी महासंघले अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई भेटेर उद्योगी/व्यवसायीका समस्याप्रति संवेदनशील हुन आग्रह गरेको छ । मुलुकको वर्तमान आर्थिक शिथिलता र साना तथा मझौला व्यवसायीले भोग्नुपरेका समस्याबारे महासंघले अर्थमन्त्री वाग्लेलाई भेटेर ध्यानाकर्षण गराएको हो ।

महासंघ संस्थापक अध्यक्ष नरेश कटुवालले वर्तमान व्यापारिक अवस्था निकै नाजुक रहेकोबारे अर्थमन्त्रीलाई भेटेर जानकारी गराइएको बताए । उनका अनुसार हाल व्यापार/व्यवसाय उक्सिने स्थितिमा छैन । यद्यपि, नयाँ सरकार बनेपछि व्यवसायीमा एउटा आशाको किरण भने जागेको छ । हालको स्थिति उत्साहजनक नभए पनि सामान्य जीविकोपार्जनमात्र चलिरहेको उनको भनाइ छ ।

कटुवालका अनुसार देशभरका व्यवसायीलाई खड्किएको एमआरपीको विषयमा अर्थमन्त्री वाग्लेसँग छलफल भएको छ ।

हाल मौज्दात रहेको स्टक र उत्पादित वस्तुहरुमा उपभोक्तालाई सहज हुने गरी कसरी एमआरपी व्यवस्थापन गर्ने भन्नेमा महासंघले सुझाव दिएको कटुवालले जानकारी दिए । उनका अनुसार महासंघले स्थानीय सरकारलाई सुम्पिएको घर भाडा नीति स्पष्ट नभएको भन्दै महासंघले सहर र गाउँको वर्गीकरण गरी स्क्वायर फिटका आधारमा वैज्ञानिक घरभाडा लागु गर्न अर्थमन्त्रीलाई भनेको छ ।

बैंक तथा वित्तीय क्षेत्रमा रहेको तरलतालाई साना व्यवसायीसम्म पुऱ्याउन ३ प्रतिशत् ब्याजदरमा बिनाधितो कर्जा उपलब्ध गराउने व्यवस्था गर्न माग गरिएको छ ।

यसैगरी भन्सार नाकाहरुमा तयारी मालवस्तु आयात गर्दा हुने झन्झटिलो प्रक्रिया र दररेटका समस्यालाई समाधान गरी आयात-निर्यातलाई सहज बनाउन ध्यानाकर्षण गराइएको छ । पञ्चायतकालदेखि नै केही सीमित संगठनहरुको मात्र अर्थतन्त्रसम्बन्धि सुझाव समितिहरुमा वर्चस्व रहेको भन्दै महासंघले अब साना व्यवसायीका संस्थाहरुलाई पनि समावेश गर्न माग गरेको छ ।

यस विषयमा अर्थमन्त्रीले अब त्यस्तो नहुने बताएको र सबैलाई सहभागी गराइने भन्दै सकारात्मक प्रतिक्रिया दिएको कटुवालले जानकारी दिए । महासंघको टोलीले अर्थ मन्त्रालय पुगेर अर्थमन्त्री डा. वाग्लेसँग करिब एक घण्टा लामो छलफल गरेको थियो ।

बिगतका सरकारहरुले साना व्यवसायी र सटर व्यवसायीका मुद्धालाई उपेक्षा गरेको गुनासो गर्दै कटुवालले यस पटकको भेट सकारात्मक रहेको बताए ।उनका अनुसार अर्थमन्त्रीले आगामी बजेटमार्फत् साना तथा मझौला उद्योगीका समस्या सम्बोधन गर्ने र काम गर्ने सहज वातावरण निर्माण गर्ने आश्वासन दिएका छन् ।

# जुम्लामा फुजी स्याउको खेती



सन्देश संवाददाता

जुम्ला/जिल्लामा ५२ हेक्टर क्षेत्रफलमा उच्च घनत्व भएको फुजी जातको स्याउको खेती हुने गरेको छ । यहाँका आठ वटै स्थानीय तहमा लगाइएको ५२ हेक्टर क्षेत्रफलमध्ये ४० हेक्टरमा स्याउले फल दिने गरेको कृषि विकास कार्यालय प्रमुख रामभक्त अधिकारीले जानकारी दिए । उनका अनुसार यस वर्ष ४ हजार ४ सय ९७ हेक्टर क्षेत्रफलमा स्याउ बिरुवा रोपिएकोमा २ हजार १ सय ६५ हेक्टर क्षेत्रफलमा स्याउ उत्पादन भएको छ ।

यहाँ रेड डेलिसेस, रोयल डेलिसेस, गोल्डेन, रिचा रेड, जनाथन, स्पोरलगायत विभिन्न जातका स्याउ फल्ने गरेका छन् । यहाँ उच्च घनत्वका गाला र फुजी स्याउको पनि उत्पादन हुने गरेको छ । यस वर्षमात्र जिल्लाबाट करिब १८ हजार २ सय ४५ मेट्रिकटन उत्पादन भएको कार्यालय प्रमुख अधिकारीले जानकारी दिए । फुजी स्याउले राम्रो प्रतिफल दिने भएकाले किसान यस स्याउ खेतीमा आकर्षित भइरहेका छन् । जिल्लाका १९ हजार घरधुरीमध्ये करिब १६ हजार घर धुरी स्याउ खेतीमा संलग्न रहेका कृषि विकास कार्यालयले जनाएको छ ।

*फूल फुलेर सेताम्मे :*

हाल बगैंचामा स्याउ फुलेर सेताम्मे भएका छन् । ती फूलले यहाँको वातावरण निकै रमणीय देखिन थालेको चन्दननाथ नगर पालिका-५ मा रहेको आँखे कृषि पर्यटन अनुसन्धान उद्योग सञ्चालक सरोज शाहीले बताए । 'बगैंचाका स्याउ बोट फुलेर सेताम्मे भएपछि यहाँको वातावरण निकै रमाइलो देखिएको छ । चैत-बैशाखमा स्याउ फुल्ने र असोजदेखि कात्तिकमा पाक्ने गरेको छ,' उनले भने । शाहीले चन्दननाथ मन्दिरको जग्गा भाडामा लिएर तीन हजार ३ सय इटालियन जातको फुजी स्याउ लगाएका छन् । बोटले फल दिन थालिसकेका छन् । राम्रो आम्दानी दिने भएकाले हाल जिल्लाभरि उक्त जातको स्याउ खेती फैलिएको उनको भनाइ छ ।

हिमा गाउँपालिका कृषि उद्यमी गोपाल रोकायाले बगैंचामा बोट फुलेर सेताम्मे भएपछि जुम्लाको वातावरण मनोरम देखिएको र कुनै समस्या नभए यसपटक राम्रो उत्पादन हुने विश्वास जागेको बताए । जिल्लाको एक नगरपालिकासहित सात पालिकाका ६० वटै वडामा स्याउ फल्ने गरेको छ । हाल फूल फुलेर स्याउ बगैंचा सेताम्मे भए पनि कालो तुसारोले फूल झारेर समस्या हुने गरेको तिला गाउँपालिका-१ का किसान सरिता रावतले बताइन् ।


## ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं ।

सदाझै यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं ।




## चालु फेन्सी पसल बिक्रीमा

हेटौंडा-४ स्कूलरोडमा रहेको अति चालु अवस्थाको जेन्स फेन्सी पसल विशेष कारणले बिक्री गर्न लागेकोले ईच्छुक खरिदकर्ताले सिधैं सम्पर्क राख्नुहोला ।

**सम्पर्क :**

९८४५०३१७८६, ९८२११४००२२

## आकर्षक घडेरी बिक्रीमा

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ । ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला । आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ ।

**सम्पर्क नम्बर** : ९८४५१२३३६६

## आकर्षक जग्गा बिक्रीमा

हेटौंडा उपमहानगरपालिका वडा नं. ८ कमाने फायरलाईनसँगै जोडिएको, सडक छेउमा रहेको ५ कठ्ठा (टुक्र्याउन सकिने) र हेटौंडा रिगल रिसोर्ट बाहिर रहेको १ कठ्ठा आकर्षक तुरुन्त बिक्रीमा छ । ईच्छुक खरिदकर्ताले तुरुन्त सम्पर्क गर्नु होला ।

सम्पर्क : ९८४५९७८३५८, ९८४५०३१२१७


प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने